मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १०७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन २१ गते बुधवार (Wednesday, March 4. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

हाम्रो चाहना
लागूऔषधरहित,
स्वस्थ र सुखी
जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# कोरोना: त्रास धेरै, सुरक्षा कमजोर

## नेकपाको प्रशिक्षण र आमसभा स्थगित, मास्क नै संक्रमित, सीमावर्ती पालिकामा हेल्प डेस्क

**नरेन्द्र ढकाल**

**झापा, फागुन २०।** विश्वमा नोवेल कोरोना भाइरसको महामारी फैलिरहेका बेला नेपालमा भने त्रास धेरै सुरक्षा अवस्था भने कमजोर देखिएको छ ।

भाइरसको उच्च जोखिममा रहेको नेपालमा सरकारले तीब्र रुपमा तयारी गर्नुपर्नेमा समान्य तयारी मात्रै गरेको बताइएको छ । यता कोरोनाविरुद्ध झापामा पनि सतर्कता अपनाउन शुरु गरिएको छ । स्थलमार्ग हुँदै बाह्य पर्यटक भित्रिने झापाको काँकरभिट्टा नाकाबाट भारत तथा तेस्रो देशका पर्यटक निर्वाध भित्रिरहेको र शंकास्पद व्यक्तिलाई भने हेल्प डेक्समार्फत स्वास्थ्य परीक्षण गरेर मात्र पठाउने गरेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।

भद्रपुरस्थित भन्सार कार्यालय छेउमा पनि मंगलबारबाट हेल्प डेस्क राखेर परीक्षण शुरु गरेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी चूडामणि लुइँटेलले जानकारी दिए । उनका अनुसार स्वास्थ्य कार्यालयले भारतसँग सीमाना जोडिएका पालिकाहरुलाई अनिवार्य रुपमा हेल्प डेस्क राख्न आग्रह गर्दै पत्र पठाइएको छ । झापामा सुरक्षाको तयारी भइरहे पनि माथिको निर्देशन नआएको भन्दै कुनै पनि कार्यक्रम अघि बढाउन नसकेको स्वास्थ्य कार्यालयका कर्मचारीले स्वीकार गरेका छन् ।



हेल्प डेस्क स्थापना गरे पनि दक्ष चिकित्सक र पूर्व तयारी नगर्दा हेल्प डेस्क नाम मात्रैको बनेको स्थानीयले बताएका छन् । दैनिक सयौंको संख्यामा नागरिकहरु आवतजावत गर्ने सीमा नाकामा अध्यागमन कार्यालयका कर्मचारीले आफ्नो विवेकले शंकास्पद मानिएका व्यक्तिलाई परामर्श कक्षतिर पठाउने गरेका छन् । जहाँ दुईजना स्वास्थ्यकर्मीले सामान्य परामर्श दिने, ज्वरो मापन गर्ने गरेका छन् । अध्यागमन कार्यालयका अनुसार यस नाकाबाट भारतसहित चीन, बंगलादेश, जापान, अमेरिका, म्यान्मार, इंग्ल्याण्ड, फ्रान्स र भियतनामबाट बढी पर्यटक आउने गरेका छन् । छिमेकी

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापा आन्दोलन र फागुन २१

**अमित खम्बू**

**अर्जुनधारा, फागुन २०।** कम्युनिष्टहरुले फागुन २१ लाई महत्वपूर्ण दिनका रुपमा हेर्ने गरेका छन् ।

झापा आन्दोलनका क्रममा २०२९ साल फागुन २१ गते पाँच जना योद्धा रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठले शहादत प्राप्त गरेसंगै फागुन २१लाई



कम्युनिष्टहरुले महत्वपूर्ण दिनका रुपमा हेर्ने गरेका हुन् ।

तत्कालीन पञ्चायती व्यवस्थाको विरोधी घोषित उनीहरुलाई २१ फागुन २०२९मा चन्द्रगढी कारागारबाट इलाम कारागार सार्ने बहानामा इलाम र झापाको सीमानामा पर्ने सुखानीमा हत्या गरिएको थियो । झापा आन्दोलनका क्रममा वर्तमान प्रधानमन्त्री ओली पनि सहभागी भएको र सहयोद्धाको गोली हानी हत्या गरेपछि उनी भागेर भारतको कानपुर पुगेका थिए ।


ओलीको खोजीमा रहेको तत्कालीन पञ्चायती व्यवस्थाले उनलाई नेपाल फर्कने क्रममा रौतहटबाट गिरफ्तार गरेको थियो । सो क्रममा उनले पनि १४ वर्षसम्म जेल जीवन बिताएका थिए ।

झापा आन्दोलनका योद्धा अहिले देशका लागि दोस्रोपटक प्रधानमन्त्री छन् । नेकपा नेतृत्वको दुई तिहाइको सरकार सञ्चालन गरिरहेका ओलीका लागि फागुन २१ निक्कै महत्वपूर्ण मानिन्छ । किनकि आज फागुन २१ गते नै प्रधानमन्त्री ओलीको दोस्रोपटक मृगौलाको प्रत्यारोपण गरिँदै छ । यसअघि झापा आन्दोलनका क्रममा पनि २०२९ साल फागुन २१ गते ओलीले भागेर ज्यान जोगाएका थिए ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) र माओवादी केन्द्रबीच एकीकरण भएपछि २०७५ सालको फागुन २१ गते कम्युनिष्ट आन्दोलनको जगका रुपमा

*(बाँकी अन्तिम पृष्ठमा)*

# सिद्धबाबा जेल चलान



**झापा, फागुन २०।** पहरीकै कमजोरीका कारण बलात्कार आरोप लागेका 'सिद्धबाबा' भनिने कृष्णबहादुर गिरी फरार भएको भन्दै आलोचना भइरहेका बेला गिरीले मंगलबार अदालतमा आत्मसमर्पण गरेका छन् ।

आरोप लागेकै अवस्थामा भारततर्फ फरार भएका भनिएका उनले नेपाल फर्किएर मंगलबार जिल्ला अदालत सुनसरीमा आत्मसमर्पण गरेका हुन् । जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायब उपरीक्षक बिनोद शर्माले सिद्धबाबा अदालतमा उपस्थित भएको जानकारी दिए । एक अनुयायी महिला बलात्कार गरेको आरोप लागेका उनलाई बिराटनगर उच्च अदालतले गत माघ दोस्रो साता पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो ।

गिरीविरुद्धको मुद्दाको पेशी उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश तिलप्रसाद श्रेष्ठ र न्यायाधीश प्रेमराज कार्कीको इजलासमा चलिरहेका बेला सिद्धबाबा सुरक्षा संयन्त्रलाई झुक्याएर भारत पसेका थिए ।

जिल्ला अदालत सुनसरीले गिरीलाई तीन लाख धरौटीमा छोड्न आदेश दिए पनि उच्च अदालतले उक्त आदेश बदर गर्दै पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो । उनलाई अदालतको आदेश बमोजिम मंगलबार नै जेल चलान गरिएको छ ।

एक महिला अनुयायीले आफूलाई मध्यरातमा बोलाएर सुनसरीको चतराधामस्थित आफ्नै आश्रममा कात्तिक ४ गते बलात्कार गरेको किटानी जाहेरी दिएपछि सिद्धबाबालाई मंसीर १६ गते पक्राउ गरेर सुनसरी प्रहरीले जवरजस्ती करणी मुद्दामा अनुसन्धान थालेको थियो ।

मंसीर १६ गतेबाट बिराटनगरस्थित विराटनगर अस्पताल एवम् विराट नर्सिङ होममा भर्ना भएका सिद्धबाबा ३८ दिनसम्म अस्पतालमा बसेका थिए । प्रहरीले उनको बयान अस्पतालमै लिएको थियो ।

# झापा गोल्डकपको अध्यक्षमा बिनोद



**झापा, फागुन २०।** झापा गोल्डकपको अध्यक्षमा युवा व्यवसायी बिनोद बस्नेत चयन भएका छन् ।

मंगलबार बिर्तामोडमा भएको संस्थाको साधारणसभाले उनलाई आगामी कार्यकालका लागि सर्वसम्मत रुपमा अध्यक्षमा चयन गरेको हो । बस्नेत यसअघि गोल्डकपको उपाध्यक्ष थिए ।

निर्वाचन समितिका संयोजक केशव भट्टराईका अनुसार १५ सदस्यीय समितिको वरिष्ठ उपाध्यक्षमा बलराम कार्की, उपाध्यक्षमा सुवास भट्टराई, सचिवमा गजेन्द्र पौडेल, सहसचिवमा चेतामणि

*(बाँकी अन्तिम पृष्ठमा)*

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

## स्वास्थ्य शिविर बस्ने सूचना

टिचिङ हस्पिटल काठमाण्डौका डाक्टरद्वारा कन्काई हस्पिटल बिर्तामोडमा निःसन्तान दम्पत्ति (बाँझोपन भएको) तथा स्त्री तथा प्रसूति सम्बन्धी बृहत दुई दिने अप्रेसनसहितको स्वास्थ्य शिविर बस्ने भएकाले सम्पर्क गर्नुहोला ।

**मिति : २०७६ फागुन २१ गते बुधवार र २२ गते बिहिबार**

**शिविरमा उपलब्ध सेवाहरु :**

१. निःसन्तानपन (बाँझोपन भएको) को उपचार तथा शल्यक्रिया परामर्श सेवा ।
२. पुरानो भन्दा पुरानो स्त्री तथा प्रसूति सम्बन्धी रोगहरुको उपचार तथा सर्जरी सेवा ।
३. पाठेघरको मुखको क्यान्सर जाँच तथा पाठेघर निकाल्ने शल्यक्रिया सेवा ।
४. नर्मल डेलिभरी तथा सिजरीयन सेक्सन डेलिभरी सेवा ।
५. पाठेघरमा मासु पलाएको, पाठेघरको नलीमा बच्चा बसेको उपचार तथा शल्यक्रिया सेवा ।
- शल्यक्रिया गर्नुपर्ने बिरामीलाई बिशेष छुटको ब्यवस्था छ ।

**टिचिङ हस्पिटल काठमाडौका बरिष्ठ स्त्री, प्रसूति तथा बाँझोपन रोग बिशेषज्ञ/सर्जन डा. राजेशकुमार महतोसहितको टिमद्वारा उपचार तथा सर्जरी सेवा अग्रिम नाम दर्ता गर्नुहोस् । (स्वास्थ्य विमा गरिएका बिरामीहरुले पनि यो सेवा लिन सक्नुहुनेछ ।)**

सम्पर्क : **कन्काई हस्पिटल प्रा.लि.**, बिर्तामोड, झापा
०२३-५४३८०७, ५४००७८, ९८११३३५६२४

## बाख्रापालन गर्ने सोच भएकाले सम्पर्क गर्नुहोला

झापाको अर्जुनधारा दहीझोडा (दुर्गापुरबाट ३ किमी उत्तर)मा साझेदारीमा बाख्रापालनका लागि इच्छुक र यस सम्बन्धी सोच भएकाहरुले तु–सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ०२३–५४०१०९, ९८४२७८६६४४**

## पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा फागुन २४ गते शनिवारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा अटो. तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

## ADMISSIONS GOING ON — M.B.A

01 Evening Classes — Globally Recognized Degree.
02 2 years (4 Semester) Course — Approved by ministry of Education, Nepal
03 5 days a Week — T.U. Equivalent Degree.



**Balmiki lincoln College**
Birtamode, Jhapa
023-542373/ 9815999988
Balmiki.lincoln@gmail.com
Facebook.com/Balmikilincoln

## कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा 'विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा'

**डा. बिकाश जैशी**
MBBS, MD (INTERNAL MEDICINE)
DM (HEPATOLOGY) NAMS
बरिष्ठ लिवर (कलेजो), पेट, ग्याष्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ
यसपटक २०७६/११/२५ आईतबार बिर हस्पिटल काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

**डा. अभिलाशा शाह**
MBBS, MD (INTERNAL MEDICINE)
Fellowship in Rheumatology & clinical Immunology (Sir Gangaram Hospital, Delhi)
बरिष्ठ बाथ रोग विशेषज्ञ
यसपटक २०७६/११/३० शुक्रबार र १२/०१ शनिवार नर्भिक हस्पिटल काठमाडौंबाट अग्रिम नाम दर्ता गर्नुहोस । बिर हस्पिटल काठमाडौंबाट अग्रिम नाम दर्ता गर्नुहोस् ।

**प्रा.डा. गौरवराज ढकाल**
MBBS, MS (KU)
ASSI FELLOWSHIP (PARK CLINIC KOLKOTA, INDIA) NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
बरिष्ठ स्पाईन (मेरुदण्ड) ढाड,कम्मर, गर्धन रोग विशेषज्ञ/सर्जन
यसपटक २०७६/११/२४ शनिवार राष्ट्रिय ट्रमा सेन्टर काठमाडौंबाट
अग्रिम नाम दर्ता गर्नुहोस् ।

**२४सै घण्टा उपलब्ध सेवाहरु**

- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाईड्रोसिल तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८ ९८११३३५६२४

नेपाल सरकार स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं ।

# कम्युनिष्ट योद्धा घिमिरेको दुर्घटनामा मृत्यु

**झापा, फागुन २०।** संविधानसभा सदस्य एवम् झापाका पुराना कम्युनिष्ट योद्धा धर्मप्रसाद घिमिरेको भारत पश्चिम बंगालको बागडोग्रामा गाडीको ठक्करबाट मृत्यु भएको छ ।

इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलका अनुसार मंगलबार बिहान बागडोग्राको प्रहरी कार्यालयभन्दा तीन किलोमिटर पश्चिम एशियाली राजमार्गमा 'नख्खु जेल ब्रेकर' घिमिरेलाई मृतावस्थामा भारतीय प्रहरीले फेला पारेको हो ।

झापाको मेचीनगर-१३ दुहागढी घर भएका उनले आठ वर्षदेखि डिप्रेसनको औषधि सेवन गरिरहेको पारिवारिक स्रोतले जनाएको छ । तीन दिनअघि दाह्री काट्न घर नजिकैको चारआली बजार जान्छु- भनी घरबाट बाहिरिएका उनी त्यसपछि सम्पर्कविहीन थिए ।

उनको शव बागडोग्रा मेडिकल कलेजमा राखिएको छ । नेपालबाट गएका मृतकका भाइ नरेन्द्रले शव पहिचान गरेको प्रहरी नायब उपरीक्षक पोखरेलले जानकारी दिए ।



वि.सं. २०२३ देखि कम्युनिष्ट आन्दोलनमा लागेका ६५ वर्षीय घिमिरे २०६४ सालको संविधानसभा चुनावमा झापा क्षेत्र नं. १मा तत्कालीन नेकपा (माओवादी) का तर्फबाट सभासद् निर्वाचित भएका थिए ।

उनले झापा विद्रोहपछि पक्राउ परी नौ वर्ष कारागारको सजाय भोगेका थिए । नख्खु कारागार तोड्नेमध्ये उनी पनि एक थिए । भारतीय प्रहरीले उनी एशियाली राजमार्गमा अज्ञात गाडीले ठक्कर दिएर दुर्घटनामा परेको र घटनास्थलमै मृत्यु भएको जानकारी दिएको प्रहरी नायब उपरीक्षक पोखरेलले बताए । मृतक घिमिरेका पत्नी, एक छोरा र दुई छोरी रहेका छन् ।

# एसईईको पनि अभ्यास परीक्षा

**पार्थ मण्डल**

**भद्रपुर, फागुन २०।** कचनकवल गाउँपालिकाले एसईई तयारी (अभ्यास) परीक्षा सञ्चालनमा ल्याएको छ ।

जिल्लाको १५ वटा स्थानीय तहमध्ये कचनकवलले आगामी चैत ६ गते हुन गइरहेको एसईई परीक्षालाई लक्षित गर्दै आइतबारदेखि गाउँपालिकाभरिबाट एसईई परीक्षामा सामेल हुने बिद्यार्थीका लागि अभ्यास परीक्षा सञ्चालनमा ल्याएको हो । शैक्षिक गुणस्तर सुधार अभियान अन्तर्गत गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले पहिलोपटक यस्तो परीक्षा सञ्चालनमा ल्याएको शाखा प्रमुख छवि बस्नेतले जानकारी दिए ।

उनका अनुसार एसईई अभ्यास परीक्षाका लागि शाखाले दुईवटा परीक्षा केन्द्र तोकेर परीक्षा सञ्चालन गर्दैछ । सामुदायिक तथा निजी १० वटा विद्यालयबाट ५ सय ६५ बिद्यार्थी परीक्षामा सामेल भएका छन् ।

'लक्ष्मी मावि बनियानी र पथरिया मावि पथरियामा सरकारले तोकेको एसईई परीक्षा तालिका अनुसार नै अभ्यास परीक्षा सञ्चालन गरेका छौं'- उनले भने- 'फागुन २५ गतेसम्म सञ्चालन हुने परीक्षाको प्रश्नपत्र झापाका विज्ञ शिक्षकहरूले तयार पारेको हो, उत्तरपुस्तिका एसईई परीक्षामा दिइने जस्तै छपाएर दिएका छौं ।' एसईई परीक्षामा सामेल हुने बिद्यार्थीका लागि शाखाले गत माघ २५ गते विद्यालयस्तरमै एकपटक यस्तो किसिमको परीक्षा लिइसकेको छ, यो परीक्षा दोस्रो पटक गरिएको हो- उनले भने । केन्द्रबाट लिइने परीक्षा यस्तै हो भनेर विद्यार्थीको आत्मविश्वास र हौसला बढाउनुका साथै राम्रो परीक्षाफल आउने उद्देश्यले यस्तो किसिमको परीक्षा लिइएको हो- उनले भने- यो परीक्षाले विद्यार्थीहरूले उत्तरपुस्तिका कसरी भर्ने, केन्द्रको पहिचानसँगै परीक्षा वातावरण कस्तो हुने, मनमा भएको डर र त्रास हटाउन सहयोग गर्नेछ ।

लक्ष्मी माविमा (क) र (ख) दुई वटा केन्द्र तोकिएको छ । (क) केन्द्रमा लक्ष्मी माविका १०१ जना बिद्यार्थी र (ख) केन्द्रमा जानकी मावि, कचनकवल अंग्रेजी मावि, विद्या निकेतन अंग्रेजी माविका गरी १७७ जना विद्यार्थी परीक्षामा सामेल भएका छन् । त्यस्तै पथरिया माविको केन्द्रमा पथरियासहित महेन्द्र मावि, लक्ष्मीप्रसाद देवकोटा मावि, मोति मावि, स्वीडेन अंग्रेजी मावि, विद्यावाणी अंग्रेजी मावि र शिव माविका गरी २ सय ८७ जना बिद्यार्थी परीक्षामा सामेल भएका छन् ।

'गाउँपालिकाको शिक्षा नीति तथा कार्यक्रममा अभ्यास परीक्षाको कार्यक्रम परेको थिएन, गाउँपालिकासँगको सहकार्यमा विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि यो कार्यक्रम लागू गरेका हौं'- बस्नेतले भने । यो परीक्षा सम्पन्न गर्न करिब ५६ हजार खर्च हुने उनले बताए । गाउँपालिकाले ल्याएको यस्तो परीक्षा कार्यक्रमबाट विद्यार्थीको मनोबल उच्च भएको लक्ष्मी माविका केन्द्र अध्यक्ष शुभद्रा अधिकारीले बताइन् । परीक्षामा वातावरण कस्तो हुने जिज्ञासा मेटाउने अवसर सहभागी विद्यार्थीले पाएको उनले बताइन् ।

## कोरोना ...

राष्ट्रहरुमा समेत यो भाइरस फैलिए रहेपनि नाकामा स्वास्थ्य परीक्षण डेस्क प्रभावकारी नहुँदा यसबाट कोरोनाको जोखिम बढेको छ । फेब्रुअरी महिनामा मात्र यो नाकाबाट ७ सय ४ विदेशी पर्यटक नेपाल भित्रिएको अध्यागमन कार्यालय काँकरभिट्टाका प्रमुख जनक कोइरालाले बताए ।

विश्वमा महामारीको रुप लिएको कोरोना भाइरसको संक्रमण नेपालमा पनि फैलिन सक्ने खतरा छ । सम्भावित खतरालाई मध्यनजर गर्दै भारतसँग सीमानाका जोडिएको काँकरभिट्टा नाकामा समेत उच्च सतर्कता अपनाउनु पर्ने आवश्यक देखिएको चिकित्सकहरुले बताए । झापामा चिकित्सकहरुले कोरोनाको खतरा रहेको बताए पनि सुरक्षाको विषयमा सरकारले पूर्वतयारी गर्न नसकेको स्थानीयको भनाइ छ ।

**नेकपा : प्रदेश भेला र आमसभा स्थगित**

कोरोना भाइरसको त्रासका कारण नेपाल कम्युनिष्ट पार्टी नेकपाको प्रदेश-१को भेला र सुखानीको कार्यक्रम स्थगित भएका छन् । नेकपाले मंगलबारको लागि राखेको प्रदेश-१ स्तरीय भेला तथा कार्यकर्ता प्रशिक्षण कार्यक्रम स्थगित गरेको हो ।

कोरोनाका कारण कार्यकर्ता प्रशिक्षण र आमसभा स्थगित गर्नुपरेको अध्यक्ष देवराज घिमिरे र सचिव सुरेशकुमार राईद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा उल्लेख छ । कोरोना भाइरसको संक्रमण नेपालमा पनि देखा परेको भन्दै सरकारले सोमबार भीडभाड र विवाह भोज नगर्न निर्देशन दिएको थियो । सोही निर्देशन बमोजिम नेकपाले भेला स्थगित गरेको जनाइएको छ ।

कार्यक्रमका लागि झापा आएका पूर्वप्रधानमन्त्री एवम् वरिष्ठ नेता झलनाथ खनालले प्रदेश स्तरीय भेलाका साथै २१ फागुनमा सुखानीमा हुने शहीद स्मृति सभा पनि स्थगित भएको बताएका छन् । उनले सबैलाई स्वास्थ्यप्रति सजगता अपनाउन सुझाव समेत दिए ।

बिर्तामोडस्थित सिटीसेन्टरको साई पार्टी प्यालेसमा कार्यक्रमको भव्य तयारी गरेको नेकपाले सरकारको निर्देशनलाई पालना गर्दै कार्यक्रम स्थगित गरेको जनाएको छ । भेलामा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', वरिष्ठ नेता खनाल, महासचिव विष्णु पौडेल लगायतका केन्द्रीय नेताहरुले सम्बोधन गर्ने कार्यक्रम थियो ।

कार्यक्रम स्थगित भएपछि नेताहरु नआएको नेकपा झापाका अध्यक्ष पाठकले जानकारी दिए । नेकपाले बुधबार सुखानी पार्कमा हुन लागेको आमसभा पनि स्थगित गरेको छ । कार्यक्रम स्थगित भएसँगै कोरोना विरुद्ध एकताबद्ध भई प्रतिवाद गर्न समेत अपिल गरिएको छ ।

**दीक्षान्त समारोह स्थगित**

सुनसरीको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले कोरोना भाइरसका कारण दीक्षान्त समारोह स्थगित गरेको छ । कोरोना भाइरसको संक्रमण विश्वभर फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै तत्काललाई दीक्षान्त स्थगित गरिएको बताइएको छ ।

फागुन २४ गते शनिबार तय भएको दीक्षान्त समारोह अनिश्चितकालका लागि स्थगित भएको हो । कुलपति तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रमुख अतिथि बनाएर ल्याउने तयारीमा रहेको प्रतिष्ठानले ओलीको स्वस्थ समस्याको कारण स्वास्थ्यमन्त्री भानुभक्त ढकाललाई प्रमुख अतिथि बनाउने निर्णय गरेको थियो ।

प्रतिष्ठानमा चार वर्षपछि दीक्षान्त हुन लागेको थियो । प्रतिष्ठानका कार्यबाहक उपकुलपति डाक्टर गुरु खनालले सरकारले भेला तथा सम्मेलन नगर्न आव्हान गरेका कारण एक हजारभन्दा बढी सहभागी हुने दीक्षान्त समारोह तत्काल स्थगन गरेको बताए । उनले कोरोना संक्रमणको अवस्था हेरेर पछि नयाँ मिति तोकिने जानकारी दिए ।

**मास्क नै संक्रमणमा**

कोरोना भाइरसको महामारी फैलिरहेका बेला त्यसको रोकथामका लागि प्रयोग गरिने मास्क नै संक्रमणमा परेको छ । मास्कलाई सुरक्षित बट्टामा राखेर मात्रै विक्री वितरण गर्नुपर्नेमा झापाका अधिकांश स्थानमा खुल्ला रुपमा मास्कको विक्री वितरण भइरहेको छ ।

हावाको माध्यमबाट फैलिरहेको कोरोना रोक्न प्रयोग गरिने मास्क नै संक्रमणमा परेको बिर्तामोड नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ओम खड्काले बताए । उनले भने- मास्क बट्टामा सुरक्षित राखेर मात्रै बेच्न पाइन्छ, खुल्ला ठाउँमा राख्दा मास्क लगाउनु र नलगाउनुको कुनै अर्थ हुन्न् । सचेतनाको कमीले पनि व्यापारीहरुले खुल्ला ठाउँमा राखेर मास्क विक्री वितरण गरेको हुन सक्ने खड्काले बताए ।

मास्कको कालो बजारी बढेको र खुल्ला स्थानमा विक्री-वितरण भएको प्रति स्वास्थ्य कार्यालयको ध्यानाकर्षण भएको अधिकृत बालकृष्ण भण्डारीले जानकारी दिए । उनले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्दै अनुगमनलाई तीब्रता दिने उल्लेख गरे ।

**महोत्सव र सभा नगर्नुहोस् : राना**

झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानाले कुनै महोत्सव र सभा सम्मेलन नगर्न आग्रह गरेका छन् ।

नेपाल कोरोना भाइरसको उच्च जोखिममा रहेको भन्दै उनले मानिसको भीडभाड हुने स्थानमा नजान सबैलाई आग्रह गरेका छन् । अनिवार्य रुपमा मास्क लगाउन आग्रह गर्दै प्रमुख जिल्ला अधिकारी रानाले झापामा कसैमा संक्रमणको आशंका गरिए तत्काल आइसुलेनमा राख्न मेची अञ्चल अस्पताल भद्रपुरमा एउटा कोठा तयारी अवस्थामा राखिएको जानकारी दिए ।

झापामा अहिले नै आत्तिनुपर्ने अवस्था नभएको भन्दै प्रजिअ रानाले सुरक्षा सतर्कता अपनाउन भने सबैसंग आग्रह गरे । उनले हात नमिलाउन तथा कसैलाई संक्रमणको शंका लागेमा तत्काल चिकित्सकसँग परामर्श लिन अनुरोध गरे ।

**तीन हजारभन्दा बढीको मृत्यु**

कोरोना भाइरसको पहिचान सन् २०१९ को अन्तिम दिन भएको थियो । अहिलेसम्म कोरोनाको संक्रमणबाट विश्वभर तीन हजारभन्दा बढी मानिसहरुको ज्यान गइसकेको छ । विश्व स्वास्थ्य संगठनले विश्व स्वास्थ्य आपतकालको घोषणा गरिसकेको छ ।

चीनको वुहान शहरबाट फैलन शुरु भएको यो भाइरसको लक्षण सार्स र मर्सको जस्तै लक्षण हुने बताइएको छ । यसको शुरु-शुरुमा श्वास प्रश्वासको समस्यादेखि पछि निमोनिया हुने मृगौलाले काम गर्न छाड्ने र कलेजोमा तरल पदार्थमा वृद्धि हुनेजस्ता लक्षण हुने चिकित्सकले बताएका छन् ।

श्वास प्रश्वास सम्बन्धी रोग भएका वृद्धवृद्धा र डायबेटिज र उच्च रक्तचाप भएका व्यक्तिहरूमा यसको उच्च जोखिम हुने बताइएको छ । यसको नियन्त्रणका लागि सँधै साबुन पानीले हात धुन्के हाच्छ्यूँ गर्दा नाकमुख छोप्ने, यदि बिरामी भएमा घरमा बस्नु नै यसको नियन्त्रणको उचित उपाय हुने चिकित्सकले बताएका छन् ।

## झापा ...

हेरिएको सुखानीमा पहिलोपटक पार्टी अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्डले सहभागिता जनाउँदै श्रद्धाञ्जलि सभामा सम्बोधन गरेका थिए ।

झापा आन्दोलनका योद्धाको स्मरण गर्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७२ सालमा हत्या भएको ४३ वर्षपछि उनीहरुलाई शहीद घोषणा गरेसंगै फागुन २१को महत्व अझ बढेर गएको हो ।

सुखानी उत्तरी झापा र दक्षिणी इलामको सीमानामा अवस्थित छ । यो अर्जुनधारा नगरपालिकाको ३ र माईनगरपालिकाको ४ नम्वर वडाको सीमानामा रहेको छ । जहाँ झापा आन्दोलनका पाँच शहीदको अर्धकदको शालिक निर्माण गरिएको छ । जुन शालिकमा अहिले पनि नेकपाले फागुन २१ गते श्रद्धाञ्जलि सभासहित विभिन्न कार्यक्रम गर्दै आएको छ ।

यस वर्ष पनि प्रधानमन्त्री ओली र नेकपाका अर्का अध्यक्ष प्रचण्डले संयुक्त रुपमा श्रद्धाञ्जलि सभालाई सम्बोधन गर्ने कार्यक्रम तय भएको थियो । तर, ओलीको स्वास्थ्य अवस्था र कोरोना भाइरसको संक्रमण फैलने त्रासका कारण कार्यक्रम स्थगित गरिएको नेकपा १ नम्वर प्रदेश कमिटीले जनाएको छ ।

नेकपा झापाका अध्यक्ष चिन्तन पाठकका अनुसार सुखानीमा यसपटक शहीदलाई सम्झिएर पुष्पगुच्छासहित शहीदको शालिकमा माल्यार्पण गरिने भएको छ ।

यसैबीच झापा आन्दोलनका शहीदहरुको सम्झनामा अहिले अर्जुनधारा-९मा सुखानी शहीद स्मृति उद्यान निर्माण गरिएको छ । यहाँ पनि हरेक वर्ष फागुन २१ गते नै कम्युनिष्ट नेता तथा कार्यकर्ताले शहीदलाई सम्झँदै विभिन्न कार्यक्रम गर्दै आएका छन् ।

सुखानी शहीद स्मृति प्रतिष्ठान नेपालले उद्यानमा पाँच शहीदको पूर्ण कदको शालिक निर्माण गरेको छ । २०५६ साल चैत २९ गते जिल्ला प्रशासन कार्यालयमा काठमाडौंमा दर्ता भएको प्रतिष्ठानले उक्त उद्यान निर्माण गरेको हो ।

२२.४ हेक्टर क्षेत्रफल रहेको उद्यानमा पाँच जना शहीदको पूर्ण कदको शालिक, शहीद स्मारक, कछुवा उद्धार तथा संरक्षण केन्द्र, अध्ययन केन्द्र, भीमसेन पोखरी, सामुदायिक भवन, वनभोज स्थल, बाल उद्यान, पैदल मार्ग निर्माण गर्दै उद्यानलाई व्यवस्थित र पूर्वकै पर्यटकीय गन्तव्यका रुपमा समेत विकाश गरेर लगिएको छ ।

यसैबीच शहीदहरुको सम्झनामा प्रतिष्ठानले 'शहीदहरुको सम्मान र महिला खेलाडीहरुको प्रोत्साहन' २०७३ सालदेखि निरन्तर महिला फुटबल प्रतियोगिता सञ्चालन गर्दै आएको छ ।

मुलुक नयाँ व्यवस्थामा प्रवेश गरेसँगै उक्त प्रतियोगित गत वर्षदेखि एक नम्बर प्रदेशस्तरीय फुटबल प्रतियोगिता सुखानी शहीद स्मृति गोल्डकपमा रुपान्तरण भएको छ ।

शहीदहरुको स्मृतिमा यो वर्ष पनि गोल्डकप आयोजना गरिने प्रतिष्ठानका व्यवस्थापक पुष्पलाल तिवारीले बताए ।

## झापा गोल्डकपको...

खनाल र कोषाध्यक्षमा केदार गिरी चयन भएका छन् । कार्की यसअघि वरिष्ठ उपाध्यक्षमा नै थिए भने गिरी झापा गोल्डकप स्थापनादेखि नै कोषाध्यक्षमा रहँदै आएका छन् । पौडेल र खनाल यसअघि सोही पदमा थिए ।

समितिका सदस्यहरुमा केशवराज दाहाल, सजेश शिवाकोटी, किरण थापा, यादव पोखरेल, सञ्जीव घिमिरे, विष्णुप्रसाद सिग्देल, चन्द्रमणि कट्टेल र दीपेश ढकाल चयन भएका छन् । निवर्तमान अध्यक्ष महेन्द्रकुमार गिरी विधानतः कार्यसमिति सदस्य हुनेछन् । गोल्डकपको संरक्षकमा जलकुमार गुरुङ र होम पाण्डे रहेका छन् ।


## होटल बिक्रीमा

झापाको बिर्तामोडमा चालू अवस्थामा रहेको होटल बिक्रीमा रहेकोले लिन इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**सम्पर्क: ९८४४६६५१७१**

## कर्मचारी आवश्यकता

होटल तथा फ्रेस हाउसका लागि कर्मचारी आवश्यक परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

१) खसी तथा कुखुरा काट्न जान्ने १ जना
तलबः आपसी समझदारीमा
२) कुकः २ जना
३) डिस वासरः १ जना

**सम्पर्क: ९८१७०७६०४६**

## बीमाको फायल हराएको सूचना

तपशिल बमोजिमको विवरण भएको बीमाको फायल हराएको हुनाले पाउनु हुने महानुभावहरुले तलको ठेगानामा जानकारी गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**नाम :** श्री निर्मल आङथुपो (लिम्बू)
**बीमा कम्पनी :** नेपाल लाइफ इन्स्योरेन्स कं.लि.
**बीमा योजना तथा अवधि :** सुरक्षित जीवन बीमा १५ बर्षे
**बीमा लेख नं.** २०२००१३६३
**अभिकर्ता नं.** ०११२०२०२
**बीमा प्रारम्भ भएको मिति :** १५/०७/२००४
**सम्पर्क ठेगाना :** कनकाई नगरपालिका-७ दुर्गापुर, झापा (साबिक घैलाडुब्बा-१)
**फोन सम्पर्क :** ९८०४९२९२२१

## साधारणसभा सम्बन्धी अत्यन्त जरुरी सूचना

निवृत्त राष्ट्रसेबक समाज झापा जिल्ला कार्यसमितिको निम्न मिति, समय र स्थानमा तेस्रो साधारणसभा तथा नयाँ नेतृत्व चयन हुने भएको हुँदा सम्पूर्ण यस समाजका सदस्य तथा निवृत्त राष्ट्रसेवक समाजमा आबद्ध हुन चाहने महानुभावलाई उपस्थितिका लागि हार्दिक निमन्त्रणा गरिन्छ ।

मितिः २०७६ फागुन २३ गते शुक्रवार समयः बिहान १० बजेदेखि ।
स्थानः संयुक्त भूपू सैनिकको सभाहल शिवसताक्षी-११, दूधे (झापा)

**छत्रबाबु ओझाः अध्यक्ष**

**निवृत्त राष्ट्रसेवक समाज जिल्ला कार्य समिति झापा**

## कर्मचारी तु-आवश्यकता

लक्ष्मीपुरबाट पञ्चकन्या, प्रोभिडेन्स कलेज उत्तरबाट कृष्ण हल हुँदै मुक्तिचोक उत्तर शनिश्चरे रोड, पाथीभराटोल, कृषिथोक, महेन्द्र शोरुमसम्म लक्ष्मीपुरदेखि दुर्गापुर सिमसार चम्पापुरसम्म पत्रिका वितरण गर्ने आफ्नो मोटरसाइकल भएको व्यक्ति तु-आवश्यकता परेको हुँदा इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः १०,००० (बोनसले तेल हाल्न पुग्ने)

**सम्पर्कः ९८०१४०४०००, ९८१६६४१५७३**

## भावपूर्ण श्रद्धाञ्जलि/निमन्त्रणा

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरून् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
सुप्रीमा अधिनी मिठो र नमिठो छुट्याइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

मेरा श्रीमान्/ हाम्रा बुबा/हजुरबुबा **मनिकुमार थुलुङ राई** को यही मिति २०७६ साल फागुन १६ गते ६६ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामीलाई अत्यन्त शोकविह्वल र मर्माहत तुल्याएको छ ।

श्रीमान्/बुबा/हजुरबुबा वियोगको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामनासहित आज छैंठौं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै आगामी फागुन २४ गते शनिबार हुने शुद्धाई कार्यमा सहभागी भई दिनहुन समस्त मलामीजन, आफन्त, नातागोता, कुलकुटुम्ब, छरछिमेकलगायतमा हार्दिक बिनम्रतापूर्वक निमन्त्रणा गर्दछौं ।

**मितिः** २०७६ साल फागुन २४ गते शनिबार **समयः** विहान १०:०० बजे
**स्थानः** निजी निवास, अर्जुनधारा-८, बिजुली अफिस लाइन (झापा)
**सम्पर्कः** ९८१६३०८६९६



**स्व. मनिकुमार थुलुङ राई**
जन्म
वि.सं. २०१०/०८/१५
निधन
वि.सं. २०७६/११/१६

**श्रीमतीः** ताराकुमारी थुलुङ राई **छोराः** विश्व थुलुङ राई
**छोराबुहारीः** राजु+कमला थुलुङ राई **नातिनीः** रीसीम थुलुङ राई

एवम् **समस्त थुलुङ राई परिवार**
**अर्जुनधारा-८, बिजुली अफिस लाइन (झापा)**

## कर्मचारी आवश्यकता

कार्यालय सञ्चालन र किस्ताको लागि यस इष्ट होराइजन मार्ट प्रा.लि. बिर्तामोडमा केही मेहनती, इमान्दार, लगनशील कर्मचारी आवश्यक परेको हुनाले इच्छुक व्यक्तिले तीन दिनभित्र कार्यालयमा दरखास्त दिनुहोला ।

**पदः** P.R.O. **संख्याः** ५ जना (महिला, पुरुष)
**योग्यताः** +२ वा सो सरह **तलबः** १२,६००सम्म


**इष्ट होराइजन मार्ट्र प्रा.लि.**
बिर्तामोड-४, झापा भद्रपुर स्टेण्ड (सम्पर्कः 9814397340, 9810553835)
नोटः सञ्चयकोष र बोनसको व्यवस्था पनि छ ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो म्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी , झापा
१ नं. प्रदेश, नेपाल

## औषधि खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति २०७६/११/२१

यस कार्यालयबाट प्रथमपटक प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र रु. १०००।- (फिर्ता नहुने गरी) तिरी यस गाउँपालिकामा जम्मा गरेको भौचरसहित निबेदन साथ संलग्न राखी कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. ०७६/०७७को नवीकरण गरिएको कम्पनी दर्ता, फर्म दर्ता, औषधि व्यवसायी स्थायी लेखा नम्बर, आ.व.२०७५/०७६को कर चुक्ता प्रमाणपत्रसहित दरभाउपत्र साथ संलग्न फारम खरिद गर्न निबेदन पेश गर्नुपर्नेछ ।

१) सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म दरभाउपत्र फारम बिक्री हुनेछ । १६औं दिनको १२:०० बजेभित्र विक्री भएका बोलपत्रहरु यस कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । दर्ता हुन आएको दरभाउपत्रहरु सोही दिन २:०० बजे खोलिने छ । सो दरभाउपत्र साथ रु. २३,२००र यस कार्यालयको नाममा खोलिएको माछापुच्छ्रे बैंक, राजगढ शाखामा रहेको धरौटी खाता न. ८५०१५२४८७०५०००४१ मा जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ९० दिन म्याद भएको जमानत (वीडवण्ड) को सक्कल प्रति पेश गर्नुपर्नेछ ।
२) दरभाउपत्र खरिद गर्दा कार्यालयको आधिकारिक व्यक्ति को दस्तखत, कार्यालयको छाप लागेको छ/छैन हेरी खरिद गर्नुपर्नेछ । दस्तखत तथा कार्यालयको छाप नभएको शिलबन्दी उपर कुनै मान्यता हुने छैन ।
३) शिलबन्दी बिक्री गर्ने तथा दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोलेको दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम गरिनेछ । शिलबन्दी दरभाउ-पत्र खोल्ने समयमा आउँदा प्रतिनिधिले अधिकारिक पत्र लिएर आउनु पर्नेछ ।
४) शिलबन्दी दरभाउपत्रमा कबोल गरिएको दररेट अंक र अक्षर दुबैमा प्रस्ट रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनछ । केरमेट गरेको ठाउँमा दस्तखत र छाप हुनुपर्नेछ ।
५) औषधिहरु WHO GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिनेछ । सप्लाई हुने औषधिहरु प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, expire date र ब्याच नम्बर लेखिएको हुनपर्नेछ । औषधिको म्याद १८ महिना सम्मको बाँकी (expiry date) हुनपर्नेछ ।
६) शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा नियमानुसार थप धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंक बाट जमानत पत्र पेश गर्नुपर्नेछ ।
७) आफूले सप्लाई गरिने औषधिहरुको आधिकारिक पत्र (Authority Letter) स्वदेशी कम्पनीको हकमा उत्पादकहरुबाट र विदेशी कम्पनी भए National Supplier बाट लिई पेश गर्नुपर्नेछ ।
८) औषधिको ढुवानी तथा अन्य करहरु दरभाउ पत्रवाला स्वयम्ले व्यहोर्नुपर्नेछ ।
९) यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानून अनुसार हुनेछ ।
१०) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
थप कुराहरु बुझ्नुपरेमा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
११) स्वीकृत लागत अनुमान (मु.अ.करसहित ) रु. ९,२६.०३३/२६ रहेको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# भाषाको जागरण आवश्यक

**झापाको शिवसताक्षीमा आयोजित नेपाली झापामा शिक्षण प्रभावकारिताको खोजी तथा पाठ्यक्रम विमर्श विषयक गोष्ठीमा नेपाली भाषा र साहित्य सङ्कटमा परेको बताइएको छ । साहित्यकार एवम् पाठ्यपुस्तकका लेखक डा. रामप्रसाद ज्ञवालीले नेपाली भाषाको लेखन र उच्चारणमा शुद्धताको प्रयोग घट्दै गएको प्रति चिन्ता व्यक्त गरे । अर्का वक्ता पाठ्यक्रम विकास केन्द्रमा निर्देशक गणेशप्रसाद भट्टराईले अभिभावक र विद्यार्थीका अंग्रेजी भाषाप्रतिको मोह बढेका कारण विद्यार्थीहरु नेपाली विषयमा कमजोर भएको बताए । औपचारिक, कामकाजी र बहुसंख्यकको भातृभाषा नेपाली भएर पनि त्यही विषयमा कमजोर हुनुमा पाठ्यक्रम नै जिम्मेवार छ ।**

**नेपाली भाषाको शृद्धता नयाँ शिक्षा योजनाको आरम्भसँगै कमजोर भएको हो । पाठ्यक्रममा गरिएको फेरबदलले नेपाली विषयको पाठ्यसामग्री, पाठ्यभार घटाउँदै अंग्रेजी विषयलाई जोड दिन थालियो । नयाँ शिक्षा अघिसम्म नेपाली विषय अनिवार्य, इलिमेन्ट्री, संस्कृत लगायतका पाठ्यपुस्तकका माध्यमबाट गरिन्थ्यो । त्यस्तै गरी अंग्रेजी पनि पहिलो र दोस्रो गरी दुई सय पूर्णाङ्कमा अंग्रेजीका थुप्रै पुस्तक पाठ्यक्रममा समाविष्ट थिए । त्यसले भाषागत प्रयोग, शुद्धता र कुशलता दिन्थ्यो । तर, त्यसपछि भाषागत पाठ्यक्रम, पाठ्यपुस्तक र अंग्रेजी मोहले नेपाली भाषा क्रमशः 'होचो अर्घेलो' मा पर्दै गयो । शिक्षण गर्नेहरु नै कथ्य र लेख्यको शुद्धतालाई महत्व दिँदैनन् ।**

**बजारमा उपलब्ध पाठ्यपुस्तकको गुणस्तर मापन नगरी अध्यापन गराउँदा भाषा र संस्कृति सङ्कटमा पर्दै गएको प्रकाशन संस्था ऐरावतीका अध्यक्ष रामदेव पाण्डेले बताए । अझ पछिल्लो समय पाठ्यपुस्तकहरुको सूचीमा स्थानीय तह आफैंले पाठ्यपुस्तक थप्ने भएपछि शिक्षामा अनेकता देखिने निश्चित छ । भाषा ब्याकरणका विज्ञहरुले तयार गरेको पाठ्यक्रम र पाठ्यपुस्तकहरु अध्यापन गर्न सक्ने जनशक्ति अहिलेको पहिलो आवश्यकता हो । यसका साथै पाठ्यक्रम र पुस्तकमा परिमार्जन पनि जरुरी छ । यी दुबैको संयोजनले मात्र शिक्षणमा प्रभावकारिता र सिकाइमा उपलब्धि भेट्न सकिन्छ ।**

**शिवसताक्षीको यो अन्तरसंवादले नेपाली भाषा शिक्षण तथा सिकाइको खस्कँदोस्तरलाई रोक्न सक्यो भने कार्यक्रम सफल भएको ठहरिनेछ । तर, त्यसका लागि यस्ता कार्यक्रम देशव्यापी हुनुपर्छ, सरोकारवालाहरुको सहभागितामा हुनुपर्दछ । हाल नेपाली भाषा, साहित्य र संस्कृति प्रति घट्दै गएको मोहलाई पुनर्जागृत गर्न राज्यसँगै विज्ञहरुले पनि अग्रसरता देखाउनु पर्दछ । अन्यथा नेपाली जाति पहिचान र परिचय नभएको जाति कहलिनेछ । त्यसतर्फ सम्बद्ध सबैको ध्यान जाओस् ।**

# स्ववियु निर्वाचन र विद्यार्थी आन्दोलन

□ युवराज बाँस्कोटा

विश्वविद्यालयको शैक्षिक क्यालेण्डर अनुसार हरेक दुई वर्षमा हुनुपर्ने स्वतन्त्र विद्यार्थी युनियन अर्थात् स्ववियु निर्वाचन २०७३ सालयता कैयौंपटक मिति तोकिएर पनि हुन सकेको छैन । यसपटक फागुन १४ गतेका लागि त्रिभुवन विश्वविद्यालयले पर्याप्त समय छँदै जारी गरेको आचारसंहिता पूर्णपालना गर्ने प्रतिवद्धता जनाउँदै आएका विद्यार्थी संघ-संगठनका गतिविधिले निर्धारित समयमा चुनाव होला ! होला कि ! भन्दाभन्दै चुनावमा अनिवार्य भाग लिनुपर्ने नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ लगायत केही विद्यार्थी संघ-संगठनभित्रको अव्यवस्थित तयारी, आन्तरिक किचलो र यसकारण घोषित मितिमा चुनावमा भाग लिन नसक्ने अडानका कारण उक्त मितिमा हुन नसकेर अनिश्चितकालका लागि स्ववियु निर्वाचन अलिक पर सरेको छ ।

विश्वविद्यालयहरूले हामीलाई हाम्रो रूची र क्षमता अनुसारको शिक्षा आर्जन मात्र गराएनन्, शिक्षित-दीक्षित मात्र गराएनन्, समाजमा व्यापक ढंगले जागरणको पराकम्पन सिर्जना गर्ने र विश्वविद्यालयमा आबद्ध विद्यार्थीमाझ विद्यार्थी समुदायको बृहत्तर हकहित र अधिकार प्राप्तिका लागि गठित स्वतन्त्र विद्यार्थी युनियन र यसका गतिविधिहरू मार्फत आज हामीले प्राप्त गरेको राजनीतिक परिवर्तनका लागि जग बसाल्ने समेतको काम गरे । सामन्त अभिजातीय वर्णप्रधान निरंकुश राजतन्त्रात्मक राज्य व्यवस्था प्रणालीविरूद्ध उभिएर संघीय गणतन्त्रात्मक लोकतन्त्र प्राप्तिका लागि प्रत्यक्ष-परोक्ष ढंगले भूमिका खेले । फलतः नेपाली राजनीतिमा एउटा आन्दोलनको, आन्दोलनका नाममा विध्वंसको समय सकिएको छ । यो कालखण्ड इतिहास बनेर थन्किएको छ र अर्को नयाँ आन्दोलन, निर्माणको आन्दोलनको समय आएको छ ।

**पृष्ठभूमि :** हाम्रो समाज पञ्चायती निरंकुशताले जरा गाडेसँगै मुलुकले जटिल राजनीतिक अवस्था झेल्न बाध्य भयो । यो राजनीतिक प्रतिकूलताको बेला थियो । यो अवस्था झेलिरहेका बेला भूमिगत ढंगले क्रियाशील राजनीतिक दलहरूसम्बद्ध विद्यार्थी संघ-संगठनले मिनीदलको रूपमा उभिएर राज्य व्यवस्थालाई झकझक्याउने र यसका गलत क्रियाकलापकाविरूद्ध जनतामा जाने, जागरण ल्याउने र व्यापक ढंगले संगठित गर्ने काम गर्दै आए । मूलतः जतिखेर नेकपा लगायत राजनीतिक दलहरू प्रतिबन्धित थिए । जतिबेला आफ्ना कुरा जनतासमक्ष लैजान सक्ने अवस्था थिएन, त्यतिबेला अनेरास्ववियुलगायत विद्यार्थी संघ-संगठनहरू नै जनतामाझ सम्बन्ध-सेतुको भूमिकामा थिए । सिंगो समाजकै लागि सहयात्री भूमिकाको अग्रस्थानमा थिए ।

पञ्चायती निर्दलीयताभित्र पनि स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन हुन्थ्यो । २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना भएसँगै त्रिवि विद्यार्थी युनियनको चुनाव हुन थाल्यो । २०१८ ०१९ मा त्रिवि विद्यार्थी युनियनको सभापतिमा तीर्थनाथ गोगोल सर्वसम्मत भएका थिए । २०१९-०२० मा नवराज सुवेदी सभापतिमा चुनिएका थिए । तर, स्वतन्त्र विद्यार्थी युनियनको पहिलो चुनाव भने २०२० भदौ २० गतेमा भएको थियो । प्रगतिशील समूहका जनार्दनप्रसाद आचार्य विजयी भएसँगै यही निर्वाचनपछि नै विद्यार्थी युनियनको नाम फेरेर स्वतन्त्र विद्यार्थी युनियन राखिएको थियो ।

अब क्रमशः स्ववियु मार्फत राजनीतिक दलले चलाएको आन्दोलन हुने र आन्दोलन जनअभिमत अनुमोदन हुँदै जाने वा परिस्कृत हुँदै जाने अवस्था बन्दै गयो । २०३६ सालको बहुदल र निर्दलबीचको ऐतिहासिक चुनाव विद्यार्थी आन्दोलनकै देन थियो र हो । राजनीतिक दलहरूले पनि विद्यार्थी संघ-संगठनलाई दलसम्बद्ध नेता उत्पादनको कारखानाका रूपमा लिन्थे । यो दलीय आबद्धता भएका विद्यार्थीमाझ प्रतिस्पर्धाको मनोविज्ञानमा आधारित थियो । कसले जित्यो वा हार्‍यो ! यसबाट विद्यार्थी संघ-संगठनको होइन, दल र दलीय प्रभाव र यसको उपस्थितिको मापन हुने गर्दथ्यो । परिणामतः स्ववियु निर्वाचनले राष्ट्रिय महत्वको घटनास्वरूप लिन थाल्यो ।

**वर्तमानः** यही गौरवपूर्ण विगतबाट अभिप्रेरित स्वतन्त्र विद्यार्थी युनियन अर्थात् स्ववियु अहिले कहाँ छ ? वर्तमानमा के गर्दैछ ? अबको गन्तव्य कता हो ? यसको भविष्य के हो ? यसका मुद्दा के-के हुन् ? विगत, वर्तमान र यसको आगतप्रति सूक्ष्म लेखाजोखा हुन आवश्यक छ । राजनीतिक भूमिकाका हिसावले परिवर्तित आजको समय सन्दर्भ अनुसार अब यसको भूमिका के हो ? स्ववियुलाई कसरी पुस्तान्तरण गर्ने ? कसरी थप बढी प्रभावकारी बनाउने ? हामीले चाहेजस्तो सुन्दर, समुन्नत र समृद्ध समाज निर्माण, व्यवस्थापन र समग्र विकासक्रममा यसलाई कसरी जोड्ने ? यसले उठाउँदै आएका मुद्दाहरूलाई कसरी अद्यावधिक र परिस्कृत गर्ने ? यसबारे विषयगत विधाका साथ व्यापक ढंगले चर्चा परिचर्चा हुन जरूरी छ । र, आजको आवश्यकता अनुसार यसलाई क्रियाशील तुल्याएर युवा-विद्यार्थीहरूको उज्ज्वल र सुन्दर भविष्यको रेखाङ्कन गर्न र संवैधानिक निर्दिष्टिताभित्र राजनीतिक हिसावले प्रशिक्षित प्रविधिमैत्री मस्तिष्कहरूको उपस्थितिमा स्ववियुको रेखाचित्र कोर्न जरूरी भएको छ, सम्भावित बिम्ब उतार्न जरूरी छ ।

विश्वविद्यालय हाताको कुरा होस् ! वा, विविमातहत सञ्चालित क्याम्पस ! क्याम्पस अध्ययनकाल विद्यार्थी जीवनका लागि उसको अन्तिम खुड्किलो हो र स्ववियु समग्र क्याम्पस व्यवस्थापनका लागि यसको महत्वपूर्ण संस्था हो भन्ने मान्ने हो भने स्ववियु निर्वाचन राजनीतिक बहसका हिसावले पनि अपरिहार्य छ ।

**परिचर्चा :** स्ववियु निर्वाचनको प्रसङ्ग उठ्नासाथ कहिलेकाँही मौसमी बेमौसमी ढंगले कतिपय विद्वान र विद्वत् वर्गले विश्वविद्यालय, महाविद्यालय, क्याम्पस लगायत शैक्षिक गतिविधिहरू हुने स्थलहरूमा विद्यार्थी संघ-संगठनहरूको र स्ववियु गतिविधिहरू हुनुको औचित्य छैन । यो क्रम अब सकियो । अब केका लागि विद्यार्थी संघ-संगठन, स्ववियु गतिविधिहरू ! भनेर प्रश्न उठाइने गरिएको पाइन्छ । कतिपय सन्दर्भमा पश्चगामी मनाशाय बोकेका घैमल अवधारणा अघि सार्न खोजेको समेत प्रस्ट हुन्छ । एउटा राजनीतिक आन्दोलन र यसले प्राप्त गरेको परिवर्तनसँगै स्ववियु आन्दोलनको औचित्य सकियो भन्ने हो भने आज उपस्थित राजनीतिक दल र दलीय नेतृत्वको पनि



औचित्य सकियो त ? प्रश्न बन्न सक्छ ! यो नितान्त एकाङ्गी र वाइयात तर्क हो । राजनीतिमा यस्ता तर्कको कुनै अर्थ हुँदैन ।

राजनीतिक परिवर्तन नै स्ववियुको गन्तव्य हो, स्ववियु आन्दोलनको अन्तर्य हो भन्ने हो भने यसो भन्नु भनेको कि त उसको अविवेकी निष्कर्ष हो ! कि त यो खोटपूर्ण अभिव्यक्ति मात्र हो । यसमा धेरै समय खर्चनु वाञ्छनीय हुँदैन । तथापि, प्राप्त राजनीतिक व्यवस्था प्रणालीमा विद्यार्थी कसरी सुरक्षित रहन सकेको छ ? राजनीतिक व्यवस्था प्रणालीको संस्थागत विकासक्रममा विद्यार्थीको भूमिका के रहन सक्छ ? हिजोको ढाँचा ढर्राबाट अथवा परम्परागत आन्दोलनको माध्यमबाट आजका अपेक्षाहरू आर्जन गर्न सकिन्छ ? आजको सामाजिक मनोविज्ञानलाई उछिन्न सक्ने स्ववियु कसरी निर्माण गर्न सकिन्छ ? जस्ता विषयमा विषगगत गृहकार्य हुन जरूरी छ ।

**प्रवृत्तिः** हाम्रा मुद्दाहरू प्रस्ट हुन नसक्दा-कहिलेकाँही अब विद्यार्थी संगठन केका लागि ? यसको भूमिका के रह्यो र ? उमेर र अवस्था दुबै कारणले विद्यार्थी आन्दोलनको न गन्तव्य छ ! न वर्तमान छ ! न भविष्य ! भनेर कुरा उठ्ने गरेको पनि छ । यद्यपि, विद्यार्थी संघ-संगठन र नेतृत्व नै पनि रनभुल्ल अवस्थामा छ कि भन्ने आभाष पनि हुन्छ । विद्यार्थी नेताका नाममा धन्दा गर्ने, चन्दा उठाउने, ठेक्का मिलाउने, पक्राउ परेकालाई छुटाउने, टोलेगुण्डा र अपराधिक गतिविधिहरूसँगको सामिप्यता बढाउने, यस्तालाई पुलिस प्रशासनबाट छुटाउने, विकास निर्माणका प्रक्रियामा अडिएर कमिसन खाने, पार्टीका खेतालाजस्तो मात्र भई अमुक नेताको आदेशमा होहल्ला गर्ने, अनाश्यक नाराबाजी गर्ने, आन्दोलनका नाममा सडक अवरूद्ध गर्ने जस्ता क्रियाकलापलाई समाजले पचाउन सकेको छैन । यदाकदा, घृणाभाव जगाएको छ । यसलाई अगाध स्नेह र आदरभावमा रूपान्तरण गर्न सक्नु टड्कारो खाँचो बनेको छ ।

अर्कोतर्फ संस्थागत जीवन अन्तर्गत प्राप्त पदलाई निजी प्रतिष्ठाको विषय बनाउने, त्यो प्रतिष्ठा हासिल गर्न जुनसुकै हतकण्डा अपनाउने, जति पनि खर्च गर्न तयार हुने र पदमा पुगिसकेपछि खर्च भएको पैसा पूर्ति गर्न गैरकानूनी बाटो समाउने, यसका लागि नितान्त गलत काम गर्ने आदि बुर्जुवा मानसिकताले भरिएको राजनीतिक संस्कारको विकास भइरहेको छ । स्ववियुबाट प्राप्त पदलाई पदीय दुरूपयोग गरेर आफ्नो निजी जीवन, पारिवारिक जीवन चलाउने र कुनै एक दलसम्बद्ध नेतृत्व निकट गुटगत गतिविधिमा बढी ध्याउन्न हुने रोग पनि सँगसँगै भित्रिएको छ । यसतर्फ ध्यान पुर्‍याउन र समय छँदै सुधार्न, सच्च्याउन वा सकिन सकिएन भने स्ववियु निर्वाचनको औचित्य कमजोर पर्छ भने नेतृत्व निर्माणको प्रक्रिया पनि अवरूद्ध प्रायः हुन्छ ।

**मापदण्डः** विद्यार्थी भन्नाले उसको सम्बन्ध नियमित क्याम्पस आउने-जाने, क्याम्पस प्रशासनले जारी गरेको अनुशासन र आचरण पालनमा रहने, खोजमूलक पाठ्यपुस्तकको अनिवार्यताका लागि प्रशासनसँग संवाद गर्ने, कक्षाकोठामा अनिवार्य हाजिरी हुने, प्रत्येक गतिविधिहरूमा भाग लिने र समग्र नतिजामा अब्बल हुनेसँग रहुनुपर्छ । यसले मात्र अबको सुखी नेपाली ः समृद्ध नेपाल निर्माणको राष्ट्रिय अभियानलाई आफ्नो निश्चित अभिभाराको रूपमा ग्रहण गर्न सक्छ, जिम्मेवारी सहजै बहन गर्न सक्छ र परिणाममुखी ढंगले पार लगाउछ । नत्र, स्ववियु निर्वाचनताका नेतृत्व लिन एक-दुई वटा कापी च्यापेर क्याम्पस परिसरमा आउने, कक्षाकोठासँग साइनो सम्बन्ध नराख्ने, क्यान्टिन र क्याम्पस वरपरका चिया चौतारामा गफिने, नेता बन्न औसम उमेर समूह क्रस गरे पनि विद्यार्थी भइरहने प्रवृत्तिलाई पूर्णतः निरूत्साहित तुल्याउनुपर्छ । विद्यार्थी नेता हुन असंगतिपूर्ण रहेको यो अकर्मण्य नेतृत्वले हामीलाई डोहोर्‍याउन सक्दैन । यसतर्फ बेलैमा ध्यान पुर्‍याउन आवश्यक छ ।

**मुद्दाहरू :** अबको स्ववियु निर्माण र आन्दोलनको सार्थकताका लागि अलिक भिन्न ढंगले सोच्नु आवश्यक बनेको छ । जस्तो प्रायः क्याम्पसहरूमा अहिले मानविकी सङ्कायतर्फ विद्यार्थीको संख्या किन घटिरहेको छन् ? कतिपय क्याम्पसहरूमा समयानुकूल पठनपाठन किन भइरहेको छैन ? शिक्षक/शिक्षिकाहरू किन अद्यावधिक छैनन् ? आवश्यक तालिक प्रशिक्षणको व्यवस्था किन छैन ? जुनसुकै फ्याकल्टी पढे पनि आजका आमविद्यार्थी देश र समाजप्रति किन समर्पित छैन ? नेपालीपन र नेपाली मन दर्शाउने पाठ्यपुस्तकहरू किन आउन सकेका छैनन् ? असल गुण र आचरणयुक्त शिक्षा शिक्षण हुन किन सकिरहेको छैन ? शासन प्रशासनका क्षेत्रमा किन नैतिक मूल्य ह्रास हुँदै गएको छ ?

हिजो कुनै बेला विद्यार्थीका बृहत्तर हकहित र शैक्षिक मुद्दाका अतिरिक्त जनजीविकाका मुद्दाहरूलाई समेत बोकेर हिड्ने स्ववियु र अपवाद बाहेक यसको सिंगो नेतृत्वमा भड्काव आएको छ । व्यक्तिगत लालसा र महत्वाकांक्षाले काम गरेको छ । विद्यार्थी समुदाय समेत आग्रह, पूर्वाग्रह र दूराग्रहबाट ग्रस्त छ । सबै नराम्रा पक्षहरूलाई छिचोलेर स्ववियु शैक्षिक मुद्दामा नै केन्द्रित हुनुपर्छ । यद्यपि, अब शैक्षिक मुद्दाहरू आजको श्रमबजार र मागसुहाउँदो बनाउन सक्नु आवश्यक छ ।

शैक्षिक संस्थानहरूलाई उपलब्ध प्रविधिको सहयोगमा आधुनिक र परिष्कृत गर्न गराउन सक्नुपर्छ । अनिवार्य जीवनोपयोगी शिक्षाको अपरिहार्यता आममानिस समक्ष पुर्‍याउन सकिने आवाजको रूपमा स्ववियुलाई उठाउन र अग्रसर बनाउन सक्नुपर्छ । यसका लागि विद्यमान चुनौतिमाथिको आधुनिक बहस र छलफलमा, उपस्थित आमप्रविधिसँग विद्यार्थी, शिक्षक र सिकाई विधिलाई जोड्ने सक्छ । यो आजको आवश्यकता हो । यसैमा सबैको कल्याण छ । बद्लिएको सन्दर्भमा स्ववियुको सार्थकता बढेर जाने छ ।

# पारिवारिक सम्बन्धको महत्व बुझौं



दिपेन्द्र राउत

'भाइ होइन हउ ! यो दोउरानी जेठानी भनेका सौता हुन् कि के हुन् हउ ! फिटिक्कै मिल्दैनन् त ! एउटै घरमा बसेका छन् तलबाट माथि नजाने, माथिबाट तल नजाने खै के हो हउ ! बीचमा आमा के गर्ने के भन्ने दुईवटी नै आफ्नै बुहारी म त छक्क पर्छु ।' एकजना दाजुले यसरी भनिरहनु भयो ।

सँगै बस्दा त कहिलेकाहीँ झगडा सामान्य नै भयो छुट्टिएर अलग-अलग बसेका छन् । आफू-आफू पकाएर खाएका छन् । आफ्नो-आफ्नो गरेका छन्, तर पनि मेलमिलाप छैन । एकले अर्कालाई सौता नै सम्झने मानसिकता देखाउँछन् हउ आखिर एकदिन मरेर जाने चोला हो, दाजुभाइ मिलिन्छ, यो बुहारीहरु चाहिँ किन यस्तो व्यवहार गर्छन् ? भन्दै एक जना दाजु हामी मलामी जाने क्रममा आफ्नो मनको उहाँ पोख्दै हामी गफिँदै मलामी जादै थियौं । हामी दाजुभाइको सम्बन्ध विवाह पूर्व अत्यन्तै राम्रो थियो, तर विवाह पछि बुढीको कारणले दाजुभाइमा तनाव सृजना भएको छ ।

आमालाई तनाव, बुवालाई तनाव कारण बुहारी बुहारीको लडाइँ हैन यो हाम्रो घरमा मात्र हो कि अरुका घरमा पनि यस्तो हुन्छ ? अरुका घरमा बाहिर बाट हेर्दा त राम्रो नै लाग्छ, सबैका बुहारी कति मिलेका भने जस्तो देखिन्छ, तर हाम्रो घर हेर्ने हो भने घरै नजाउ कि जस्तो लाग्छ । घरमा पुग्दा बुढी रिसले बसेकी हुन्छे, बा-आमा दुःखी हुनु भएको हुन्छ । आफू के गर्नु के गर्नु भएको हुन्छ, दाजु एकहोरो गफिँदै जानु भयो । दाजुले आफ्नो मनको बह पोखिरहँदा मैले सोचे के यो दाजुको घरको मात्र समस्या होला त ! यो हाम्रो समाज हेर्ने हो भने यकिन गर्न सकिन्छ कि दाजुको समस्या आफ्नो मात्र हो कि हरेक घरमा छ ! देउरानी जेठानी हाम्रो परिवारको सम्बन्ध हो । दाजुभाइ एउटै बाआमाका सन्तान हुन्छन् । तर, उनीहरुले विवाह गरेर ल्याएका श्रीमती अलग-अलग संस्कार, परिवेश र भू-भागबाट नै आएका पनि हुन्छन् ।

मानिस विश्वमा जुनसुकै देशमा जन्मिए पनि यो नाताको सम्बन्धको सोच उस्तै हुने रहेछ । देउरानी जेठानीबीचको सम्बन्ध के हो ? कस्तो बन्नु पर्छ ? भनेर भनि रहँदा एकले अर्कालाई एक आपसमा दिदीबहिनी भनेर सम्बोधन गरेको पाइएता पनि सोच दिदीबहिनीको हुँदैन । मानिस कहिलै नदेखेको मानिसलाई दया देखाउँछ, सहयोग गर्न खोज्छ, तर, यो सम्वन्धमा एक आपसमा रिस, इर्ष्या, डाहा, घमण्ड बढी गरेको पाउने गर्दछौं ।

एउटा परिवारमा जेठी बुहारीले सबै परिवारलाई दुई छाक खाना पकाएको हुन्छ । घरधन्दा गरेको हुन्छ हाँसी-खुसी रहेको हुन्छ, तर तिनै बुहारी, देउरानी आए पश्चात दुईछाक पकाउन खोज्दिनन् । घरधन्दा गर्न खोज्दिनन् अनि हाँसी खुशी रहदिनन् । दश जनालाई हाँसी खुसी सबैथोक गर्ने एक जना देउरानी थपिँदा गर्न नखोज्ने हाम्रो समाजको यथार्थता । मैले बढी काम गर्नुहुँदैन भन्ने उसले भन्दा मैले बढी काम गरिरहेको छु भन्ने सोचाईले हाम्रो मानसिकता कता गई रहेको छ एकपटक सोचौं ।

सोच्नेलाई हिजो गरिरहेको काममा अब मेरो काम आदी भयो मलाई सहयोग गर्ने बहिनी या दिदी आइन भनेर सोच्न पनि सकिन्छ । तर, यसरी सकारात्मक सोच्ने कमै पाइन्छ । हिजो सँगै बसेका परिवार आज अलग भएर बस्दा दाजु-भाउजु या भाइ-बुहारी विदेशमा या अलगै बस्दा कति ढुक्क भएको छ भन्ने देउरानी जेठानी पनि भेटिने गरेको छ । आखिर किन त यस्तो सोचाई । संस्कार फरक, सस्कृति फरक, परिवेश फरक र देश फरक, भाषा फरक भएता पनि यो सम्बन्धमा सोच त्यही डाहा, इर्ष्या, जलन, घमण्ड आखिर यो दिमाख उस्तै, सोचाई उस्तै, व्यवहार उस्तै आखिर किन यस्तो हुन्छ होला यो सम्बन्धमा ।

एक जना भाइ भन्दै थियो दाजु विदेशबाट आइयो भाउजु दाजुले विवाह गर्न भनेर केटी हेर्न थाल्नु भयो कति मिलेको परिवार हाम्रो विवाहपश्चात पनि यस्तै होला भनेर विवाह गरियो घर परिवारमा नयाँ सदस्यको आगमनले झन् रमाइलो होला सबै परिवार हाँसी खुशी बसिन्छ भनेको त विवाह गरेको एक महिनाबाट बुढीको झगडाले घरमा त के बस्नु र ! विदेशमा नै बसी रहौ जस्तो लाग्यो । यो भाउजु र मेरो बुढीको झगडाले वाक्क बनायो । यो सम्वन्धमा एक अर्कामा माया हुँदैन कि के हो ? सहयोगको भावना हुँदैन कि के हो ? एक अर्काको सम्मान हुँदैन कि के हो ! म त छक्क पर्छु ! भाइले यसो भनि रहँदा हाम्रो समाज कता जाँदैछ । अनि हाम्रो परिवार कता जाँदैछ । परिवारको सोच के हुँदैछ ।

परिवारको सदस्यको यस्तो सोचले के परिवारले प्रगति गर्न सक्छ । के दाजुभाइले प्रगति गर्न सक्छन् । यो आजको समाजको यर्थाथ चित्रण हो । मानिस दिन प्रतिदिन एक्लै बन्दै गएको छ । उसलाई दाजुभाइ नचाहिन सक्छ, दिदीवहिनी नचाहिन सक्छ, बुबाआमा दिन प्रतिदिन बोझ बन्दै गएका छन्, मामामाइजु, फुपुफुपाजु, दिदीभिनाजु, बहिनीज्वाइँ, भान्जाभान्जी, काकाकाकी, सानिमा सानोबुवा, ठूलोबुवा ठूलोआमा, भाइबुहारी, दाजुभाउजु, छोराछोरी, नाति-नातिना, भतिजभतिजी, भदाभदैनी लगायतका पारिवारिक सम्बन्ध आज हाम्रो समाजमा हराउँदै गएको छ । सम्बन्धको महत्व हामीले दिन प्रतिदिन बिर्सदै गएका छौं । एकीकृत परिवारबाट सिङ्गल परिवार हामी बन्दैछौ ।

सम्बन्ध नाता र आफन्त चुनावको बेलामा मात्र चाहिने जस्तो भएको छ । भोट माग्ने, छुट माग्ने र नोट माग्ने अवस्थामा मात्र साइनो, सम्बन्ध, आफन्त केलाउने हाम्रो समाजा भएको छ । साइनो नपर्नेलाई पनि साइनो गासेर भोट माग्न हामी पछि पर्दैनौ । सुखमा रमाउन सबै आउलान्, तर दुःखमा साथ दिन परिवार चाहिन्छ । आफन्त चाहिन्छ । देउरानी-जेठानीलाई दिदीबहिनी भनेर भनिरहँदा रगतको नाता नहोला, तर पारिवारिक कर्तव्य हुन्छ । जन्म एउटै घरमा नहोला, तर कर्म एउटै घरमा हुन सक्छ । संस्कार, संस्कृति, परिवेश अलग हुन सक्छ । तर देश एउटै हुन सक्छ । सिकाई, बुझाई अलग हुन सक्छ, तर गराई एउटै हुनुपर्छ ।

परिवार, नाता अलग हुन सक्ला, तर सम्बन्ध एउटै हुनुपर्छ । मान मर्यादा एउटै नहुन सक्छ, तर व्यवहार एउटै हुनुपर्छ । जीवनमा एउटा महिलाले स्वीकार नगर्ने सम्वन्ध भनेको सौता हो भनेर भन्ने गरिन्छ, तर अपवादमा यो सम्बन्ध पनि कति मिलेर बसेको देखेका छौ हाम्रो समाजमा । कुनै पनि सम्वन्ध आवश्यकताले जन्माउँदछ । त्यसैले सम्बन्ध भनेको आवश्यकता हो, यो हामीले बुझ्नु पर्दछ । बुझाउन सक्नु पर्दछ ।

# जिल्लास्तरीय हस्तलेखन प्रतियोगिता



**बिर्तामोड, फागुन २०।** अक्सफोर्ड एकाडेमिक ट्रेनिङ सेन्टर बिर्तामोडको आयोजनामा अंग्रेजी विषयको जिल्लास्तरीय हस्तलेखन प्रतियोगिता सम्पन्न भएको छ।

प्रतियोगितामा ३६ वटा निजी बिद्यालयका तीन सय ६१ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो। गत पुस २० गतेबाट शुरु भएको छनौट प्रक्रियामा जुनियरतर्फ कक्षा ४ देखि कक्षा ६ बाट २९ जना र सिनियरतर्फ कक्षा ७ देखि कक्षा १० बाट ४४ जना गरी ७३ जना विद्यार्थीहरु फाइनल प्रतियोगितामा छनौट भएका थिए।

जुनियरतर्फबाट प्रथम मिनु दास, द्वितीय सृष्टिका आचार्य, तृतीय युनिषा ठकाल, सान्त्वना रिजन निरौला, ओसन नेम्वाङ्ग, प्रज्ज्वल लिम्बू, प्रगती गुप्ता र श्रुती लिम्बू सान्त्वना भएका छन्।

सिनियर तर्फबाट प्रतियोगितामा प्रथम अस्मिता बान्तवा राई द्वितीय, एन्थोन राई तृतीय, शितल लामघादे, सान्त्वना प्रतिष्ठा डाँगी, रिया दाहाल, निश्चल खड्का, साहेब मुर्मू र निलिषा नेपाल सान्त्वना भएका छन्।

विजेता प्रथमले पाँच हजार, द्वितीयले तीन हजार, तृतीयले दुई हजार र सान्त्वनाले एक हजारसहित प्रमाणपत्र, ट्रफी र मेडल प्राप्त गरेका छन्। छनौट प्रतियोगिताको निर्णायकहरुमा राजकुमार चौधरी र श्रृजन शर्मा रहेका थिए।

अक्सफोर्ड एकाडेमिक ट्रेनिङ सेन्टर बिर्तामोडका रुद्र मैनालीको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सूवर्ण कुँवरले स्वागत गरेका थिए।

प्याब्सन प्रदेश सदस्य जीवन पनेरुले शुभकामना मन्तव्य राखेको कार्यक्रमको सञ्चालन अक्सफोर्ड एकाडेमिक ट्रेनिङ सेन्टरका प्रवन्ध निर्देशक केशव मैनालीले गरेका थिए।

# शिवसताक्षीमा दादुरा रूबेलाविरूद्धको खोप लगाइँदै

**शिवसताक्षी, फागुन २०।** शिवसताक्षी नगरको ११ वटै वडामा आजबाट बालबालिकालाई दादुरा रुवेलाविरुद्धको खोप लगाइँदै छ।

शिवसताक्षी नगरको स्वास्थ्य शाखाले जनाए अनुसार दादुरा रुवेलाविरुद्धको खोप लगाउनका लागि ४७ जना स्वास्थ्यकर्मी र ९४ जना स्वास्थ्य स्वयम्सेवक परिचालन गरिने भएको हो।

नगरमा यो अभियान फागुन २१ देखि २९ गतेसम्म सञ्चालन हुने शिवसताक्षी नगरको स्वास्थ्य शाखाले जनाएको छ। साविकका सतासीधाम, शिवगञ्ज, धरमपुर र पाँचगाछीमा ४७ वटाखोप केन्द्र स्थापना हुनेछन्। नौ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई दादुरा रुवेला र जन्मेदेखि पाँच वर्ष उमेरका बालबालिकालाई पोलियो थोपा खुवाउने राष्ट्रिय कार्यक्रम रहेको स्वास्थ्य संयोजक हरि बिमलीले जानकारी दिए।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजनामा पाँचौं दादुरा रुवेला खोप अभियान २०७६ फागुन र चैत महिनामा सञ्चालन हुने तय भएको थियो। अभियानले दादुरा निवारण गर्ने सरकारको लक्ष्यमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। अभियानमा नगरका स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयम्सेविका, जनप्रतिनिधि लगायत सबैको सक्रिय सहभागिता आवश्यक हुने शिवसताक्षी नगरको स्वास्थ्य शाखाले जनाएको छ।

कार्यक्रममा कोही पनि बालबालिका दादुरा खोप लगाउनबाट वञ्चित नहुन् भनेर गाउँ-गाउँबाट खोजेर बालबालिकालाई खोप दिन जनप्रतिनिधिसँग स्वास्थ्य शाखाले अनुरोध गरेको छ। सन् २००४ मा नेपालमा दादुरा रुवेलाविरुद्ध पहिलो अभियान सञ्चालन भएको थियो।

सामान्यतः हरेक चार वर्षमा हुने यो अभियान २००८, २०१२, २०१६ मा सञ्चालन भएको थियो। सरकारले सन् २०१९ मा नेपाललाई दादुरा निवारण देश बनाउने लक्ष्य लिएको थियो। तर, सरकारे लक्ष्य पूरा हुन सकेन।

# साङ्वेदको हिसाब सार्वजनिक



**बिर्तामोड, फागुन २०।** बिर्तामोड-२ चारपानेमा रहेको विवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालयको ४९औं वार्षिकोत्सवको अवसरमा आयोजना गरेको श्रीमद् भागवत महापुराण ज्ञान महायज्ञको एक कार्यक्रमका बीच आय ब्यय सार्वजनिक गरिएको छ।

विवेकाश्रम तथा साङ्गवेद संस्कृत माध्यमिक विद्यालयको ४९औं वार्षिकोत्सवको अवसरमा गत माघ १४ गतेदेखि २१ गतेसम्म सञ्चालन भएको श्रीमद् भागवत महापुराण ज्ञान महायज्ञको आयव्यय पुराण आयोजक समितिले सार्वजनिक गरेको हो।

पुराण आयोजक समितिका संयोजक अम्वरबहादुर गिरीको अध्यक्षतामा भएको कार्यक्रममा पुराण आयोजक समितिका कोषाध्यक्ष जगनाथ भण्डारीले महायज्ञको आयव्यय सार्वजनिक गरेका थिए।

महायज्ञबाट जम्मा सात लाख ९१ हजार एक सय ३३ रुपैयाँ आम्दानी भएकोमा तीन लाख ६७ हजार सात सय ६७ रुपैयाँ खर्च भएको र चार लाख २३ हजार तीन सय ६६ रुपैयाँ बैंक मौज्दात रहेको उनले बताए।

त्यस्तै महायज्ञबाट एक सय ८३ मन २२ केजी धान र छ सय केजी चामल संकलन भएको उनले बताए। महायज्ञबाट संकलन भएको धान र चामल विद्यालयमा आवाशीय रुपमा रहेका वटुक तथा त्यहाँ आउने पाहुनाहरुको भोजनका लागि भण्डारण गरिएको उनले बताए।

कार्यक्रममा पुराण आयोजक समितिका सह संयोजक दिनानाथ सिग्देल, सचिव पूर्णानन्द तिम्सिना, विवेकाश्रमका उपाध्यक्ष विष्णुभक्त भण्डारी, महासचिव लहेन्द्रप्रसाद भट्टराई, साङ्गवेद संस्कृत माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक चुडामणि पौडेल लगायतले सवैको सहयोगले महायज्ञ सफल भएको बताए।

कार्यक्रमको सञ्चालन विवेकाश्रमका सचिव भरत भट्टराईले गरेका थिए।

# 'मामा' एशियाली शिक्षक प्रशिक्षक सम्मेलनमा छनौट



**बिर्तामोड, फागुन २०।** बिर्तामोड-९ गरामनीस्थित दुर्गा माध्यमिक विद्यालयका शिक्षक धर्मेन्द्र भट्टराई मामा श्रीलंकामा हुने एशियाली शिक्षक प्रशिक्षकहरुको सम्मेलनमा सहभागिताका लागि छनौट भएका छन्।

आगामी फागुन २२ गतेदेखि श्रीलंकाको थुलरियामा हुने एशियाली शिक्षक प्रशिक्षकहरुको सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्दै भट्टराईले सहभागिता जनाउने भएका हुन्।

उक्त सम्मेलनका लागि भट्टराई ग्लोबल प्रतिस्पर्धाबाट छनौट भएका हुन्। बृटिश काउन्सिलद्वारा आयोजना हुने सम्मेलनमा भट्टराईले ९० मिनेटको कार्यशालामा कार्यपत्र समेत प्रस्तुत गर्ने कार्यक्रम रहेको बताइएको छ।

अंग्रेजी विषयका शिक्षकहरुको संस्था नेल्टा झापाका अध्यक्ष समेत रहेका भट्टराई बृटिश काउन्सिल नेपालका राष्ट्रिय प्रशिक्षक हुन्।

# विद्यार्थीलाई ट्राफिक सचेतना



**बिर्तामोड, फागुन २०।** झापामा भइरहेको दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले बिर्तामोडस्थित मनकामना माध्यमिक विद्यालयको आयोजनामा ट्राफिक नियम सम्वन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

विद्यालयको उज्यालो मनकामना बालक्लबको आयोजना तथा मनकामना माध्यमिक विद्यालयको व्यवस्थापनमा भएको कार्यक्रममा विद्यालयका कक्षा ७ र ८ का एक सय १५ जना विद्यार्थीको सहभागिता रहेको थियो।

कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी सहायक निरीक्षक जनक तिम्सिना र राजु राजवंशीले जेब्राक्रसको प्रयोग, दुर्घटनाका कारण र बच्ने उपाय लगायतका विषयमा जानकारी गराएका थिए।

उज्यालो मनकामना बालक्लबकी अध्यक्ष दीक्षा गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका भाइस प्रिन्सिपल ध्रुवकुमार गौतमले स्वागत गरेका थिए।

विद्यालयका प्रिन्सिपल केशव ढुंगानाले औचित्य माथि प्रकाश पारेको कार्यक्रममा सहभागी विद्यार्थी मनोज पुरीले तालिम उपलब्धिमूलक भएको बताए। कार्यक्रमको सहजीकरण सञ्चारकर्मी सरोज पौडेलले गरेका थिए।


# झापा गाउँपालिका च्यालेन्ज कपको तयारी

**सुरुङ्गा, फागुन २०।** दीपज्योति युवा क्लब मदरगाछको आयोजनामा खुला झापा गाउँपालिका च्यालेन्ज कप फुटबल प्रतियोगिता हुने भएको छ।

फागुन २९ गतेदेखि प्रतियोगिता आयोजना गरिएको खेल संयोजक नेत्र सिटौलाले जानकारी दिए। प्रतियोगितामा आयोजक दीपज्योति युवा क्लब, नयाँ श्रीनाथ गण चारआली, जलथल फुटबल क्लब, दमक एकाडेमी, रेड स्टार बिर्तामोड, सशस्त्र प्रहरी बल सुनसरी, झापा फुटबल क्लब राजगढ र ब्रदर्श युनाईटेड चन्द्रगढी गरी आठ वटा टिमको सहभागिता रहने क्लबका अध्यक्ष डिल्ली चुडालले जानकारी दिए।

प्रथम पुरस्कार एक लाख ११ हजार एक सय ११ र दोस्रो ५१ हजार एक सय ११ रुपैयाँ राशी रहेको प्रतियोगिता सम्पन्न गर्न अनुमानित आठलाख १३ हजार रुपैयाँ लाग्ने र जसको लागि झापा गाउँपालिकाबाट चार लाख साथै पालिकाका- ५, ६ र ७ वडाबाट केही थप सहयोग तथा स्थानीय संघ-संस्था र खेलप्रेमीबाट थप आर्थिक सहयोग जुटाइने आर्थिक उपसमिति संयोजक सुवास डाँगीले जानकारी दिए।


**उज्यालो यातायात प्रा.लि.**




बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस्।

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला। **Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।


**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३०, ८:३०, ९:१५, १०:१५, ११:१५, १२:१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

(हल ए) हिन्दी सिनेमा
पहिलो शो ११:४५ Senti Virus
दोस्रो शो २:४५ Senti Virus
तेस्रो शो ६:४५ Senti Virus

(हल बी) नेपाली सिनेमा
पहिलो शो ११:४५ आमा
दोस्रो शो २:४५ आमा
तेस्रो शो ६:४० सुभव मंगल ज्यादा साधावन हिन्दी



बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। शुक्रबारदेखि प्रदर्शन हुने हिन्दी चलचित्र **Baaegni-3** को बुकिङ्ग खुल्ला गरिएको छ। (फोन नं. ०२३-५४६४३६)

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)


**STUDY IN JAPAN**

यही 2020 OCTOBER INTAKE STUDENT VISA मा जान चाहने विद्यार्थीहरुका लागि N5 जापानीज भाषाको नयाँ कक्षाहरु सञ्चालन हुँदैछ।
**विशेषता**
जापानमा अध्ययन प्राप्त गरी विगत १० वर्षसम्म जापानमै बसोबास गरी फर्कनु भएका Teacher द्वारा नै भाषा सिकाइन्छ।
Note: Preparation Classes for JLPT. NAT & JLCT N4/N5

सम्पर्कः
HAYASA JAPANESE LANGUAGE INSTITUTE
Bhadrapur road, urbashi chowk, Birtamod-4
Tel: 023-540125, 9824978991

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८


# वर्गीकृत विज्ञापन


**कर्मचारी आवश्यकता**
मार्केटिङ मेनेजर : २ जना (बिर्तामोडको लागि)
(मार्केटिङ मेनेजर लागि बाइक र लाइसेन्स अनिवार्य)
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउसकिपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**कर्मचारी आवश्यकता**
पद : लेखापाल, रिसेप्सन | तलब : आपसी समझदारीमा
बजार प्रतिनिधि (गरामनी, बुट्टाबारी, लक्ष्मीपुर, चारपाने, महानन्दचोक, सैनिकमोड, बिर्ताबजार)
सम्पर्कः ०२३-५४४९८३/९८१५०६२२१५

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**पार्टी प्यालेस भाडामा**
बिर्तामोडको बिर्ता बजार-३ मा अवस्थित फूलर्फनिसीङ्गसहित चालू अवस्थामा रहेको पार्टी प्यालेस भाडामा, लिने इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्कः ९८४२६५४६३८

**टाटा सुमो गाडी भाडामा चाहिएमा**
बिर्तामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।
मो.९८१५९५२४९९
९८४१३२१४६४

**On Line Food Delivery**
बिर्तामोड मुक्तिचोकबाट ५ कि.मि. एरियाभित्र घर बसी-बसी खानाको आनन्द लिन मन भएमा हामीलाई सम्झनुहोस्। अनलाई वा फोनबाट अर्डर टिपाउन सकिनेछ।
सम्पर्कः ९८०७९३९०९७/९८४८५३३१३८
फेसबुक पेज : Food station
kankai road Birthamode

**सेक्यूरिटी गार्ड आवश्यकता**
झापाको झिलझिले, दमक, बिर्तामोड, काँकरभिट्टा एरियाका लागि २० जना महिला तथा पुरुष सेक्युरिटी गार्ड चाहियो। भूपू प्रहरी तथा सेनालाई ग्राह्यता।
तलब : आपसी समझदारीमा
भरपर्दो सुरक्षा गार्ड सेवाका लागि सेक्टर वान सेक्युरिटी सर्भिस, बिर्तामोड झापालाई सम्झनुहोस्।
सम्पर्कः ९८२४९८२२९६, ९८२३७३८६७१
(Email: kvvservices@gmail.com)

**आकर्षक जग्गा बिक्रीमा**
झापा सुरुङ्गास्थित जामुनखाडी जाने कालोपत्रे बाटोले छोएको ७ कठ्ठा आकर्षक जग्गा बिक्रीमा छ।
सम्पर्क :
९८२४०४२२७१, ९८१६९९८६७७

**घर बिक्रीमा**
अर्जुनधारा-११ बुट्टाबारी राजमार्ग उत्तर प्लटिङ्गमा रहेको १० १/२ धुर मा बनेको १ तले २ सटरसहित ६ कोटा भएको घर तु-बिक्रीमा छ।
सम्पर्कः ९८१००९१६८०
९८१६९५३९११

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४,
९८०१४१६८४०,
९८०१४१६८४१, ९८५२६७३९५५

**सेक्युरिटी गार्डको आवश्यकता**
पुरुष/महिला संख्याः २५
सेक्युरिटी/फायर/फस्टएड सम्बन्धी फ्रि तालिम
**इन्टर सर्भ सेक्यूरिटी ग्रुप प्रा.लि.**
प्रधान कार्यालय अन्नपूर्ण चोक बिर्तामोड, झापा
फोनः ०२३-५४५७८२, ९८०६०६१७००,
९८४४६८६९७०, ९८०६०७५६७८

**ब्यूटीपार्लर बिक्रीमा**
बिर्तामोडको कृषिथोक रोडमा चल्ती अवस्थामा रहेको ब्यूटीपार्लर बिक्रीमा छ।
सम्पर्क : ९८०६०१३७४०




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। नयाँ काम प्रारम्भ हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मेहनतले सम्मानित स्थान दिलाउन सक्छ। बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले हौसला जगाउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। अरूको करकापमा परेर इच्छा विपरीत काम गर्नुपर्ला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनतीहरूका लागि दिन फलदायी रहनेछ। टाढाका साथीभाइले काममा साथ दिनेछन्। आजको श्रमबाट पछिलाई फाइदा हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही वस्तु त्याग्नुपरे पनि कर्जामार्फत धन जुट्नेछ। केही खर्च लागे पनि देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आँटले काम बन्नेछ भने आम्दानीले उत्साह जगाउनेछ। श्रमको उचित मूल्यांकन हुनाले राम्रै प्रतिफल हातलागी हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** व्यापारमा फड्को मार्न सकिनेछ। सट्टापट्टा, लेनदेन आदिमा मनग्गे फाइदा हुनेछ। मेहनतले लक्ष्यमा पुर्‍याउनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** विभिन्न स्रोत-साधन जुट्नेछन् र धन संग्रह पनि हुनेछ। व्यापारमा थन्किएका वस्तु बिक्री हुनेछन् र अड्किएको रकम उठ्नेछ।

# सभापतिमा उम्मेदवारी दिन्छु: सिटौला



**बिर्तामोड, फागुन २०।** नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले नेपाली कांग्रेस र प्रेस युनियनको महाधिवेशन तोकिएकै मितिमा हुनुपर्ने बताएका छन् ।

नेपाल प्रेस युनियन झापाद्वाराले आयोजना गरेको पत्रकार भेटघाटमा सिटौलाले तोकिएको मितिमा कांग्रेसको महाधिवेशन हुन नसके पार्टी संगठनभित्र जटिल समस्या उत्पन्न हुने चिन्ता व्यक्त गरे ।

नेपाल विद्यार्थी संघ, तरुण दल र महिला संघ लगायत पार्टीका भातृ संस्थाको महाधिवेशन पार्टी महाधिवेशन अगाडि गर्न नसकिए पनि प्रेस युनियनको अधिवेशन २०७६ चैत २१ र २२ मा हुनुपर्नेमा जोड दिए । उनले कुनै पनि बहानामा प्रेस युनियनको महाधिवेशन सार्न नहुने बताउँदै

उत्साहका साथ महाधिवेशनको तयारीमा लाग्न प्रेस युनियनका सबै सदस्यहरुलाई आह्वान गरे । पार्टी नीति, नेतृत्व र कार्यक्रम परिमार्जन गर्नुपर्नेमा जोड दिँदै नेता सिटौलाले नेपाली कांग्रेसको चौधौं महाधिवेशनमा आफ्नो तेस्रो बैचारिक धारको अलग्गै टिम कायम रहने बताए ।

पार्टी सभापति शेरबहादुर देउवाले महाधिवेशन घोषणा भइसकेको अवस्थामा गरेको केन्द्रीय सदस्य मनोनयन र विभाग गठनमा रामचन्द्र पौडेल समूहले विरोध जनाइरहँदा तपाई मौन रहनुभयो, के तपाइले फेरि वर्तमान सभापतिलाई नै चौधौं महाधिवेशनमा सघाउनुहुन्छ ? भन्ने सञ्चारकर्मीको जिज्ञासामा उनले भने- म सभापतिको उम्मेदवार होइन भन्ने भ्रम आजै त्यागिदिनुस् ।'

समय आएपछि आफ्नो उम्मेदवारी घोषणा हुने संकेत गर्दै नेता सिटौलाले पार्टीका सबै तहका अधिवेशनहरु सकिएपश्चात मंसिरमा आफ्नो टिमको घोषणा गर्ने जानकारी दिए ।

पार्टीको आन्तरिक जीवनमा नेतृत्वको विषयलाई लिएर बहस र संवाद अनि प्रतिष्पर्धा र सहकार्य भइरहन्छ, यसलाई आन्तरिक बैठक र संवादहरुबाट समाधान गर्दै जानुपर्छ भन्ने आफ्नो मान्यता रहेको बताउँदै उनले एकले अर्काको अनावश्यक आलोचना र विरोध गरेर संगठन बलियो हुन नसक्ने टिप्पणी गरे ।

नेपाली कांग्रेसको आन्तरिक विवाद महाधिवेशनमार्फत समाप्त गरेर गतिशिल र स्पष्ट मार्ग निर्देशनसहितको नेतृत्व चयन गर्दै कम्युनिष्ट सरकारको प्रतिष्पर्धी दल र फरक विचारलाई समाप्त गर्न राज्यसत्ता र संवैधानिक अङ्गहरुको दुरुपयोग गर्ने अधिनायकबादी गतिविधिविरुद्ध जनमत सिर्जना गर्न कांग्रेस लाग्नुपर्ने उनको भनाइ थियो ।

नेपाल प्रेस युनियन झापाका अध्यक्ष इन्दु पूर्वेलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत पूर्व केन्द्रीय सदस्य कृष्ण हुमागाई र सञ्चालन सचिव डिल्लीराम घोर्साईले गरेका थिए । कार्यक्रममा युनियनका केन्द्रीय सदस्य गोविन्दचन्द्र छेत्री, पूर्व केन्द्रीय सदस्य लोकराज ढकाल, नेपाली कांग्रेस ३ नं क्षेत्रीय सभापति गणेश पोखरेल लगायतको आतिथ्य रहेको थियो ।

## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

## बिर्तामोड नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

*'पूर्वाधारयुक्त नगर, विषादीरहित कृषि र व्यवसायको अभिवृद्धि सभ्य र स्वस्थ्य नागरिक बिर्तामोड नगरपालिकाको समृद्धि'*

- जन्मदर्ता, विवाहदर्ता, बसाईसराई, सम्बन्धबिच्छेद तथा मृत्युदर्ता जस्ता व्यक्तिगत घटना भएको मितिले ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।
- बालबालिकाहरुलाई विद्यालय पुऱ्याऔं । शिक्षाको उज्यालो ज्योतिबाट टाढा हुन नदिऔं ।

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

## सँधियार नाममा जारी गरिएको सात दिने सूचना

साविक शनिश्चरे गाविस वडा नं. ६, बस्ने श्री मैना बस्नेतले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाऊँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री संगीता क्षेत्री
२) पश्चिमतर्फ श्री सुमित्रा श्रेष्ठ
३) उत्तर तर्फ श्री बाटो
४) दक्षिणतर्फ श्री धनीमाया गिरी

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | ४२९२ | ०-०-१०.२५ | २०७६।११।२४ | २०७५।११।१७ | २०७६।१०।१९ |

*रुख रोपौं वन जोगाउ*

## श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह
अर्जुनधारा-३, झापा

## सूचना प्रकाशित गरिएको वारे

**प्रथमपटक प्रकाशित मिति २०७६।११।२०**

यस सामुदायिक वन उपभोक्ता समुहको अनुमोदित जुकेखाडी 'पर्यापर्यटन प्रवर्द्धन कार्ययोजना–२०७५' बमोजिम यस सा.ब.ले नै संरक्षण र व्यावस्थापन गर्दै आएको जिल्ला झापा अर्जुनधारा नगरपालिका वडा नं. ३स्थित समुहको कैदले वन खण्डको ७०.९३ हेक्टरमा रहेको कैदले वन क्षेत्र र सोको आसपासका वस्तीमा पर्यापर्यटन प्रवर्द्धन गर्ने सा.ब. कार्यसमितीको निर्णय बमोजिम बकैदले पर्यापर्यटन परियोजनाब सञ्चालन गर्न हाल तपसिलका पाँच वटा फरक फरक परियोजना विकास गरी उक्त परियोजनाको गुरुयोजना, आइ.इ.इ., डी.पी.आर. र इ.आइ.ए. गर्नका लागि पाँच वटै परियोजनाको भिन्न सेवा शर्त र व्यवस्थापन हुने गरी योग्य र व्यवसायिक कम्पनीहरुलाई सा.ब.को आफनो TOR अनुसार कार्य सम्पन्न गर्न दरभाउ र आफनो कार्य दक्षता र क्षमतासहित कार्य गर्न सक्ने इच्छुक संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र प्रस्ताव पेश गर्नु हुन जानकारी गरिन्छ । साथै यस समूहले तयार पारिएको कार्यसुचि तथा अन्य जानकारीका लागि समूहको कार्यालयवाट प्राप्त गर्न सक्नुहुने व्यहोरा समेत अनुरोध छ ।

तपशिल

| सि.नं. | परियोजना | प्रस्ताव पेश गर्नुपर्ने विषय |
|---|---|---|
| १ | कैदले पर्यावरणीय पूर्वाधार जिर्णोद्धार | गुरु योजना, आइ.इ.इ., डि.पि.आर. |
| २ | शान्ति वन वाटिका तथा सिमसार प्रवर्द्धन | गुरु योजना, आइ.इ.इ., डि.पि.आर. |
| ३ | वन र वस्ती पर्यापर्यटन परियोजना | गुरु योजना, आइ.इ.इ., डि.पि.आर. |
| ४ | आधारभुत कृषि बाली विस्तार | गुरु योजना, आइ.इ.इ., डि.पि.आर. |
| ५ | इको स्मार्ट पार्क विस्तार र व्यावस्थापन | गुरु योजना, आइ.इ.इ., डि.पि.आर. |
| ६ | माथिका सबै परियोजनाको इ.आई.ए. | सम्पूर्ण परियोजना सम्पादन गर्ने |

नोटः TOR तथा अन्य आवस्यक कागजातहरु समुहको कार्यालयमा सर्म्पक गर्नु हुन जानकारी गरिन्छ ।

## अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

## सँधियार नाममा जारी गरिएको सात दिने सूचना

साविक अर्जुनधारा नगरपालिका वडा नं. ६, बस्ने श्री जसमति चेम्जोङ्गले निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गामा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) पूर्वतर्फ श्री बाटो
२) पश्चिमतर्फ श्री बाटो
३) उत्तर तर्फ श्री काजीमान बस्नेत
४) दक्षिणतर्फ श्री मन्दिरा ढुंगेल

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | नक्सा दर्ता | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|---|
| अर्जुनधारा-६ | ८६१७<br>८७४२ | ०-०-९<br>०-०-७.२५ | २०७६।१०।२४ | २०७६।११।२० | २०७६।११।२१ |

## मानिस हराएको सूचना



कनकाई नगरपालिका सुरुङ्गा–३ बस्ने बोली नआउने, गहुँगोरो बर्णको, हात राम्रोसँग नचल्ने, कलेजी रंगको जम्पर लगाएको, खाली खुट्टा हिंडेको बर्ष १९को **शंकर तामाङ** नाम गरेको युवक गत फागुन १३ गते बिर्तामोडको सुगम पम्प नजिकै देखा परेको र त्यस यता हराइरहेको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरी दिनुहुन अनुरोध गर्दछु ।

बबुः **दीपक तामाङ** (९८०७९९५४१७)

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## 'गुणस्तरीय सामान गणपतिको पहिचान'

ब्राण्डेड कम्पनीको **स्टील रेलिङ, आल्मुनियमका झ्याल, ढोका, बाथरुमका ग्यारेन्टी ढोका, रेडिमेड भित्री ढोका,** AEP Design, **ग्लेजिङ (कम्प्लेकसमा सिसा), अफिस पार्टिसन, फल्स सिलिङ, मोडुलर किचन** र सिटिङ्हल डेकोरेसन साथै **ट्रस**को काम पनि गरिन्छ ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**
प्रो. गोपाल सिटौला
९८५२६७१४२२,
९८१६००६३७३

**सम्पर्क**
सुरुङ्गा, भगवानचोक
बिर्तामोड र गरामनी झापा
९८२४९७३५३६ – पदम
९८१४०५२६०१ – राम

"इन्द्रै विन्ती गरून् झुकेर पद्मा त्यो विन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

# भावपूर्ण श्रद्धाञ्जलि तथा समवेदना


झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं.- ५, बैशाबाडी निवासी यस संस्थाका अध्यक्ष **ताराप्रसाद सञ्जेल**को निधनले सिंगो संस्था परिवार स्तब्ध एवम् मर्माहत बनेको छ। दु:खको यस घडीमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै आज मिति २०७६/११/२१ गतेका दिन परेको १३औं पुण्यतिथिको दिन दिवंगत सञ्जेलको आत्माको बैकुण्ठवासको कामना गर्दै शोकसन्तप्त परिवारजन, आफन्तजन, कुलकुटुम्ब, छरछिमेक, शुभचिन्तक तथा शुभेच्छुकहरुप्रति भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**हरिप्रसाद निरौला**
**वरिष्ठ उपाध्यक्ष**

**महेन्द्रकुमार गिरी**
**कार्यकारी प्रमुख**

सञ्चालक समिति, सल्लाहकार समिति, परामर्श समिति,
लेखा सुपरीवेक्षण समिति तथा अन्य सम्पूर्ण उप-समिति परिवार
सम्पूर्ण शेयर सदस्य परिवार
सम्पूर्ण कर्मचारी परिवार

**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, केन्द्रीय कार्यालय बिर्तामोड-२, चारपाने,**



**स्व. ताराप्रसाद सञ्जेल**

**जन्म**
बि.सं. २००८/०३/२६ गते
**निधन**
बि.सं. २०७६/११/०९ गते

# सुर्तीजन्य पदार्थ र जंकफुड प्रयोग नगर्न आग्रह

**तीर्थराज खरेल**



**सुरुङ्गा, फागुन २०।** कनकाई माध्यमिक विद्यालय सुरुङ्गाको आयोजनामा सुर्तीजन्य पदार्थ र जंकफुडविरुद्ध जनचेतनामूलक र्‍याली निकालिएको छ।

'सुर्तीजन्य पदार्थ होइन, स्वस्थ जीवन रोजौं' भन्ने मूल नारासहित र्‍याली सम्पन्न भएको थियो। र्‍यालीले टप्पु हुँदै सुरुङ्गा बजार परिक्रमा गरेको थियो। जुलुसका सहभागीहरुले 'धूमपानले लिन्छ ज्यान', 'सुर्तीजन्य पदार्थको बिक्री-वितरण नगरौं', 'स्वस्थ रहौं जीवनभर, गरौं धूमपान बहिष्कार' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए। 'विद्यालयको पर्खालक्षेत्रबाट १ सय मिटरभित्र सुर्तीजन्य पदार्थ र जंकफुड (पत्रुखाना) को सेवन, बिक्रीवितरण तथा प्रदर्शन नगरौं' भन्ने नारासहितको ब्यानर बोकेको जुलुसमा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, वार्ड नं. ३का वार्ड अध्यक्ष रुद्रप्रसाद चिमरिया, वार्ड नं. ३ सदस्यहरु छबि थपलिया र कृष्णमाया भुजेल, इलाका प्रहरी कार्यालय सुरुङ्गाका इन्चार्ज पदमसिंह लिम्बू, शिक्षक अभिभावक संघका अध्यक्ष नेत्र प्रसाईं, विव्यस सदस्य चन्द्रप्रसाद प्रसाईं, लीला प्रसाई र बालकृष्ण नेपाल, पीटीए, आमा समूह, शिक्षक, विद्यार्थी, अभिभावक, प्रहरी, बिद्यार्थी गरी ६ सयभन्दा बढीको सहभागिता रहेको थियो। र्‍याली शुरु हुनु अघि सहभागीहरुले सुर्तीजन्य पदार्थ सेवन नगर्ने सामुहिक शपथ लिएका थिए।

र्‍याली समापनपछि सम्बोधन गर्दै मेयर पोखरेलले धुम्रपान तथा सुर्ती सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने बताए। उनले धुम्रपान तथा सुर्ती सेवन कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्न आवश्यक ठानेर प्रदेश नं. १ सरकारले अभियान अघि बढाए अनुरुप कनकाई नगरमा कार्यक्रम सफल बनाउने प्रतिबद्धता जनाए।

एक महिनाभित्र कनकाई नगरमा सबै सरकारी कार्यालय, विद्यालय र स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्यसम्बन्धी संस्थाको १ सय मिटरभित्र सुर्तीजन्य पदार्थको बिक्री-वितरण, सेवन र प्रदर्शनलाई रोक लगाउने नगर प्रमुख पोखरेलले प्रतिबद्धता जनाए। त्यसैगरी सगरमाथा टिन्स् क्लबका झापा संयोजक डम्बर अधिकारीले बिद्यार्थी र युवावर्ग सचेत रुपमा धुमपान, मध्यपान, सुर्तीजन्य पदार्थ र जंकफुडबाट जोगिनुपर्ने बताए।

कार्यक्रममा 'नागरिक-समुदाय साझेदारी' अभियान अन्तर्गत नेपाल प्रहरीले पनि ब्यानरसहित सहभागिता जनाएको थियो। प्रदेश नं. १ सामाजिक विकास मन्त्रालयले सरकारी कार्यालय, स्वास्थ्य प्रदायक संस्था र विद्यालयदेखि १ सय मिटरभित्र सुर्तीजन्य पदार्थ र जंकफुड (पत्रुखाना) को सेवन, बिक्रीवितरण तथा प्रदर्शन नगर्न सबैसँग अनुरोध गरेको छ भने यससम्बन्धी जनचेतनामूलक कार्यक्रम गर्न मातहतका सबै निकायलाई निर्देशन गरे बमोजिम उक्त कार्यक्रम आयोजना गरिएको हो।

सुर्तीजन्य पदार्थ भन्नाले धुम्रपान वा सुर्ती सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ सम्झनुपर्छ। धुम्रपान भन्नाले चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनुपर्छ भने सुर्ती सेवन भन्नाले खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनुपर्छ।

सार्वजनिक स्थल भन्नाले राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्यसम्बन्धी संस्था, विमानस्थल, वायुसेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब, सार्वजनिक शौचालय, उद्योग तथा कल कारखानाका कार्यस्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, होटल, मोटल, रिसोर्ट, रेस्टुरेन्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्रावास तथा अतिथि गृह, रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस, डिपार्टमेन्टल स्टोर तथा मिनी मार्केट, धर्मशाला तथा धार्मिकस्थल, सार्वजनिक सवारीका प्रतीक्षालय तथा टिकट काउन्टर आदि बुझिने सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ मा उल्लेख छ। सरकारी नीति तथा निर्देशनलाई पालना नगरेमा सुर्तीजन्य पदार्थ जफत गरी ५ हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने र यस सम्बन्धमा स्थानीय नगरपालिका तथा प्रहरी, प्रशासनले कडाइका साथ कानुन लागु गर्ने उक्त ऐनमा उल्लेख छ। यसबाट सुर्तीजन्य पदार्थको आयात, उत्पादन, बिक्री, वितरण र उपभोगमा न्यूनीकरण हुनेमा विश्वास गरिएको छ।

कार्यक्रम कनकाई माध्यमिक विद्यालय अन्तर्गतको सगरमाथा टिन्स् क्लबको आयोजना, आमा समूहको उत्प्रेरणा र कनकाई बालअधिकार चेतना समूह, कनकाई स्काउट दल, जुनियर रेडक्रस सर्कल तथा युवा रेडक्रस सर्कलको सहयोगमा सम्पन्न भएको थियो। विद्यालयका प्रधानाध्यापक कर्णबहादुर डाँगीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सगरमाथा टिन्स् क्लबका संयोजक शिक्षक खेमराज भट्टराईले सहभागी सबैलाई धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन शिक्षक भीमप्रसाद दहालले गरेका थिए।

# कोकाकोलाको नयाँ क्याम्पेन

**काठमाडौं, फागुन २०।** कोका-कोला नेपालले किशोर/किशोरी र युवालाई दिउँसोको आलस्यपन भगाएर कुनै पनि विशेष क्षण तथा अवसरहरुलाई नछुटाउन् भन्ने उद्देश्यले नयाँ क्याम्पेन सञ्चालनमा ल्याएको छ।

यो नयाँ क्याम्पेनको ट्यागलाइन 'दिउँसै झप् झफ्, कोकले अप' रहेको छ अर्थात् यदि तपाईंलाई दिउँस निद्राले झप् झप बनायो भने कोकले तपाईंको मुड र इनर्जीलाई बुस्ट गराउँछ।

क्याम्पेनको एक हिस्साको रुपमा कोका-कोला नेपालले अभिनेत्री स्वस्तिमा खड्का र गायक नितेशजंग कुँवरलाई फिचर गरेर नयाँ टीभीसी सार्वजनिक गरेको छ। मध्य दिउँसोको सुस्ताका कारण निद्रा लागेको महशुस गरिरहेकी स्वस्तिमाले कोका-कोला अर्डर गर्दै टीभीसी शुरु हुन्छ। उनी झप् झप् भएर निदाउँदा उनका क्रश (नितेश) आएका हुन्छन् र उनले नितेशसँग भेट्ने विशेष अवसर छुटाउँछिन्। जब उनले चिसो कोका-कोला पिउँछिन्, त्यसपछि तुरुन्तै उनको इनर्जी कोका-कोलाको रिफ्रेसिङ्ग स्वादबाट अपलिफ्ट हुन्छ। त्यसपछि उनी दौडिँदै ऊंघी रहेका नितेश भएको ठाउँमा जान्छिन् र चिसो कोक नितेशको गालामा लगाइदिन्छन् र नितेश पनि उठ्छन्।




यस क्याम्पेनका बारेमा कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भने- यो नयाँ क्याम्पेनकामार्फत कोकाकोलाले उपभोक्तालाई कोक खाएर आफ्नो दिउँसोलाई अपलिफ्ट गर्न प्रोत्साहन गर्दछ। हामी उपभोक्तालाई उनीहरुको पूरा दिन उत्तम रहोस् र दिउँसोको सुस्ताका कारण कुनै क्षणहरु नगुमाउन् भन्ने चाहन्छौं।

बोटलर्स नेपालका प्रबन्ध निर्देशक प्रदीप पाण्डेले भने- दिनभर हाम्रो दैनिक तालिका सुस्त भइरहेको हुन्छ र इनर्जीको स्तर कायम गर्नु नै आफैमा एउटा कार्य हुन सक्छ। यो नयाँ क्याम्पेन भनेको कोकाकोला खाएर दिउँसोको झप् झप्लाई भगाएर रिफ्रेस हुँदै आफ्नो क्रियाकलाप जारी राख्नु हो। यसले मेरो लागि काम गर्दछ र हाम्रा उपभोक्ताहरुलाई पनि यो प्रयास गर्न आग्रह गर्दछु। कोकाकोला कम्पनी नेपालले यो क्याम्पेनभरि कोक पारखीहरुका लागि थुप्रै सरप्राइजहरु तयार पारेको छ।

# पुराणको रकमले सामुदायिक भवन बनाइने

**बुद्धशान्ति, फागुन २०।** शितला सामुदायिक विकास केन्द्र तथा शितला देवी मन्दिरद्वारा गत २०७६ माघ १८ गतेदेखि २६ गतेसम्म आयोजित नवौं दिवसीय श्रीमद् देवी भागवत् महापुराणको आय-व्यय सार्वजनिक गरिएको छ।


पुराण आयोजक समितिका संयोजक प्रह्लाद खड्काको अध्यक्षता र बुद्धशान्ति गाउँपालिका ३ नं.का वडा सदस्य राजेन्द्र पराजुलीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा सह-संयोजक चन्द्रकला पोखरेलले स्वागत गरेकी थिइन्।

कार्यक्रममा पुराण आयोजक समितिका कोषाध्यक्ष लेखनाथ अधिकारीले आयव्यय प्रस्तुत गरेका थिए। पुराणमा जम्मा आय १४ लाख, २० हजार, पाँच सय ६४ रुपैयाँ र व्यय पाँच लाख चार हजार एक सय ९० रुपैयाँ भएको र पुराणबाट खुद बचत नौ लाख १६ हजार तीन सय ७४ रुपैयाँ रहेको उनले बताए।

श्रेयष्कर तथा आजीवन सदस्य, स्वयमसेवक एवम् दाताहरुलाई सम्मान एवम् प्रमाण पत्र वितरण समेत गरिएको कार्यक्रममा पं. चित्र शास्त्री, लिलानाथ भट्टराई, मोहन तिम्सिना, संस्थाकी उपाध्यक्ष निलम घिमिरे, पं. टीकाप्रसाद भट्टराई, टीकाराम पोखरेलले शुभकामना दिएका थिए।

पुराणबाट बचेको रकमले स्थानीय क्षेत्रमा सामुदायिक सुविधा प्रदान गर्न सामुदायिक भवन निर्माण गर्ने मन्दिर समिति अध्यक्ष प्रेम शिवाकोटीले बताए। कार्यक्रमको सञ्चालन नन्दकुमार तिम्सिनाले गरेका थिए।

# 'मलाई बचाइदिनुहोस्'



**बिर्तामोड, फागुन २०।** झापा अर्जुनधारा-३ जुकेखाडीकी मृगौला पीडित ११ बर्षीया नेहा धमला विकले आफ्नो जीवन बचाइदिन सवैसँग आग्रह गरेकी छिन्।

अर्जुनधारा-३ जुकेखाडीको भानु प्राथमिक बिद्यालयमा कक्षा ४मा अध्ययनरत् उनी मृगौला खराव भएर दम बढ्ने, वान्ता हुने लगायतका समस्याले एक महिनादेखि विद्यालय जान नसकेको नेहाकी आमा तारा धमला विकले बताइन्।

५ बर्ष अघिदेखि मृगौला खराव भएर गाउँलेको सहयोगमा छोरीको उपचार गराउँदै आएको बताउँदै ताराले शनिश्चरेमा रहेको शंकर अस्पतालले नेहाको उपचारका लागि २ देखि ३ लाख रुपैयाँ लाग्ने बताएकोले छोरीको उपचारमा सहयोग गरिदिन अपिल गरेको बताइन्।

गंगामाया तथा नरबहादुर बस्नेत क्यान्सर पीडित सहयोग संस्थाका अध्यक्ष भूपाल बस्नेतलले नेहा बचाउ अभियान सञ्चालन गरेर आर्थिक संकलन गरिने बताए। उनले संस्थाले अर्जुनधारा र बिर्तामोड नगरपालिकामा नेहा बचाउ अभियान सञ्चालन गरेर नेहाको जीवन वचाउने प्रतिवद्धता जनाए। बस्नेतले नेहाको जीवन बचाइदिन सवैलाई आग्रह गरे।


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यवसायिक तथा सिप विकास तालिम केन्द्र**
**प्रदेश नं. १ भद्रपुर झापाको**

## सिप विकास तालिम सञ्चालनको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७६।११।२०**

यस केन्द्रबाट आ.व. ०७६।०७७मा सञ्चालन गरिने देहाय अनुसारका आधारभूत सिप विकास तालिमहरु सञ्चालन गर्न/गराउन इच्छुक स्थानीय निकाय, गैरनाफामुलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ-संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। प्रशिक्षार्थीहरुबाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम सामग्री, उपकरण र प्रशिक्षक वाहेक थप सुविधा पनि दिइने छैन।

**१) स्थानीय निकाय, गैरनाफामूलक गैरसरकारी सामुदायिक वा सामाजिक संघ-संस्थाहरुको सहकार्यमा सञ्चालन गरिने तालिमहरुः**

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | न्यूनतम् शैक्षिक योग्यता | प्रस्ताव फारम पाइने स्थान |
|---|---|---|---|---|
| १. | विद्युत् जडान | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | व्यवसायिक तथा सिप विकास तालिम केन्द्र, भद्रपुर, झापा |
| २. | प्लम्बिङ्ग | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ३. | केश श्रृंगार | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ४. | सिलाई कटाई | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ५. | वेल्डिङ्ग | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |
| ६. | इलेक्ट्रोनिक्स मर्मत | ३ महिने (३९० घण्टा) | कक्षा ८ उत्तीर्ण | |

**तालिम सञ्चालन गर्न इच्छुक निकाय वा संघ-संस्थाहरुले पालना गर्नुपर्ने शर्तहरु**

१.१. संघ-संस्थाहरुले दर्ता प्रमाणपत्र, अद्यावधिक नवीकरणको प्रमाण, समाज कल्याण परिषद्मा आवद्धताको प्रमाण, पान नं./मु.अ.क. दर्ता, स्वीकृत विद्यानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्रसहित तोकिएको प्रस्ताव फारम शुल्क रु. २००।- तिरी यस कार्यालय समयभित्र बुझाई सक्नुपर्नेछ। कागजात, प्रतिलिपि वेगर प्रस्ताव फारम खरिद गर्न र बुझाउन पाइने छैन।

१.२. तालिम सञ्चालन गर्न योग्य भई छनौट भएका संघ-संस्थाले यस केन्द्रबाट तालिम समापन भएपछि फिर्ता हुने गरी तालिम सामग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक प्राप्त गर्ने छन्। तालिम सञ्चालनको लागि थप व्यवस्थापन एवम् तालिम कक्ष लगायतका सुविधा संघ-संस्थाहरुले नै निःशुल्क उपलब्ध गराउनुपर्नेछ। प्रशिक्षार्थीहरुसँग कुनै शुल्क लिन पाइने छैन।

१.३. यस केन्द्रमा छनौट भएका तालिम प्रदायक संघ-संस्थाहरुमा सञ्चालन हुने तालिमहरु ३ महिने (३९० कार्य घण्टा) /६ महिने (७३० घण्टा) दैनिक औसत ६ कार्य घण्टा सञ्चालन गर्नुपर्नेछ।

**सम्पर्क नम्बर : ०२३-५२०३०५, ९८२४००६००२** **नि. केन्द्र प्रमुख**



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**व्यवसायिक तथा सिप विकास तालिम केन्द्र**
**प्रदेश नं. १ भद्रपुर झापाको**

## प्रशिक्षकको सूची (Roster) मा नाम समावेश सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : ०७६।११।२०**

यस केन्द्रमा आ.व.०७६।०७७ मा सञ्चालन गरिने निम्न व्यावसायिक तथा सीपमूलक तालीम संचालन गराउन आवश्यक पर्ने प्रशिक्षकको सूची (Roster) निर्माण तथा अद्यावधिक गर्नुपर्ने भएकोले सम्बन्धित विषयको प्रशिक्षकको सूचीमा समावेश हुन इच्छुक तोकिएको योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस केन्द्रमा दरखास्त फाराम भरी रु.१०। को टिकट टाँसी यस केन्द्रमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**क) तालिमको लागि सूची (Roster) निर्माण गर्नु हुने विषयः**

| सि.नं. | विषय | अवधि | निवेदन फाराम पेश गर्न सकिने केन्द्र |
|---|---|---|---|
| १. | वैल्डिङ्ग | ३ महिने | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र, भद्रपुर झापा |

**ख. योग्यता**

| सि.नं. | शैक्षिक योग्यता वा तालीम वा अनुभव | सेवा शुल्क |
|---|---|---|
| १. | मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित विषयमा प्रमाण पत्र वा कुनै विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थावाट सम्बन्धित विषयमा १ वर्षको तालीम प्राप्त वा प्रमाण पत्र तह उत्तीर्ण गरी सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा १ तहको सीप परीक्षण पास भएको। | नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणीको शुरु तलव स्केल |
| २. | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा एस.एल.सी.वा एस.एल.सी वा सो सरह उत्तीर्ण गरी स्वीकृत प्राप्त संस्थावाट सम्बन्धित विषयमा १ वर्षको तालीम प्राप्त वा सम्बन्धित कामको १ वर्षको अनुभव भई सम्बन्धित सीपमा १ तहको सीप परीक्षण पास भएको। | नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणीको शुरु तलव स्केल |

**द्रष्टव्यः**

- दरखास्त फाराम साथ शैक्षिक योग्यताका प्रमाणपत्रहरु नेपाली नागरिकताको प्रमाण पत्र सम्बन्धित तालीमको प्रमाण पत्र सीप परिक्षणको प्रमाण पत्र र अनुभवलाई प्रमाणित गर्ने कागजातका प्रमाणित प्रतिलिपिहरु संलग्न गरी ती प्रतिलिपीहरुमा व्यक्ति स्वयले सकल वमोजिम नकल ठिक छ भनी दस्तखत गरी तोकिएको म्याद भित्र पेश गर्नुपर्नेछ।
- तोकिएको योग्यता पुगेकोमा एक भन्दा बढी विषय (trade) मा पनि दरखास्त फाराम पेश गर्न सकिनेछ। त्यस्तोमा कार्यालयले आवश्यक परेको विषयको लागि छनौट गरी स्वीकृत गर्न सक्नेछ।
- सूची (Roster) निर्माण तथा अद्यावधिक गर्नका लागि सम्बन्धित केन्द्रमा पर्न आएका दरखास्त उपर छानवीन गरी तोकिएका योग्यता पुगेका दरखास्तवाला प्रशिक्षकहरुको सूची निर्माण तथा अद्यावधिक गर्ने काम सम्बन्धित केन्द्र कै हुनेछ।
- रित नपुगेको दरखास्त फाराम स्वीकार गरिने छैन।
- सूचीमा नाम समावेश गर्ने/नगर्ने अधिकार सम्बन्धित केन्द्रहरुमा सुरक्षित रहनेछ।
- सूचीमा नाम समावेश भएका व्यक्तिहरु मध्येबाट केन्द्रहरुले आवश्यक परेको वखतमा मात्र प्रशिक्षण कार्यका लागि प्रशिक्षकको रुपमा खटाउन सक्नेछ।
- यो सूची आ.व.०७६।०७७ को लागि मात्र कायम रहनेछ, अन्य कुराहरु व्यावसायिक तथा सीप विकास तालीम संचालन निर्देशिका २०६९ तथा प्रचलित कानून बमोजिकम हुनेछ।

**सम्पर्क नम्बर : ०२३-५२०३०५** **केन्द्र प्रमुख**



# मलेशियामा रोजगारको अवसर

कम्पनी : SHARK FORCE SDN.BHD शहर : MALAYSIA

पूर्व स्वीकृति मिति : २०७६/११/१३ चलानी नं. ६०११२८०० L.T.NO. 234013

| कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रु. | हप्तामा काम गर्ने दिन | दिनमा काम गर्ने घण्टा | ओभर टाइम सुविधा | खाना सुविधा / बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| Security Guard | 50 | काममा दक्ष | 1200 | ३२,६१५ | ६ दिन | ८ घण्टा | क.नि. अनुसार | छैन/छ | २ वर्ष |

नोट : सामान्य मलेशियन र अंग्रेजी बोल्न जान्ने हुनुपर्नेछ।
उचाईको हकमा : ५ फिट ५ इन्च माथि हुनुपर्नेछ।
बेसिक सेलरी 1200 RM भएता पनि ओटीसहित 1900 RM कमाउन सकिने छ।

फाइनल अन्तर्वार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट २०७६ फागुन २१ गते (Mar. 04, 2020) मा सेन्टर प्वाइन्ट पार्टी प्यालेस बिर्तामोडमा हुनेछ।

पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि.
टोखा न.पा.-१५, महादेवटार, सामाखुसी, काठमाडौं, फ्याक्स् ४३८८७७८
शाखा कार्यालय, बिर्तामोड, झापा फोन नं. ०२३-५४४१०५, ५४४१७६
मो.नं. ९८०६०९१७०८/९८०२६७८९०७/९८२४०२३२०५/९८२५९७११७९



# DUBAI मा १० दिनमा भिषा ग्यारेन्टी सहित श्रीमान्/श्रीमतीलाई एउटै कम्पनीमा रोजगार

१.कम्पनी.- Lahej & Sultan Cleaning Service & Gen Maint.Co., Dubai, UAE
पूर्व स्वीकृती मिति २०७६।११।११ चलानी नं. ६०११२१३९ LT.No. 232814

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा / खाना सुविधा / बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 300 | 150 | काममा दक्ष | 800 | २५,१७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

२.कम्पनी.- Abu Dhabi Berkely Services LLC., Abu Dhabi, UAE
पूर्व स्वीकृती मिति २०७६।११।११ चलानी नं. ६०११२०२३ LT.No. 232815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा / खाना सुविधा / बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 150 | 50 | काममा दक्ष | 800 | २५,१७०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

३.कम्पनी: Federal Security Services LLC., Abu Dhabi, UAE
पूर्व स्वीकृती मिति २०७६।१०।१६ चलानी नं. ६०११०७५२ LT.No. 231847

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा / खाना सुविधा / बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 31 | 02 | काममा दक्ष | 1200 | ३७,३८०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | छ | २ वर्ष |

सेक्युरिटी गार्डको हकमा Basic Salary 1200 AED भएता पनि ओभरटाईम सहित AED 1800 भन्दा माथि हुनेछ।
Cleaner को अन्तर्वार्ता कम्पनीको प्रतिनिधीबाट मिती २०७६ फागुन २३ गते काठमाण्डौ, २४ इटहरी र २५ गते विर्तामोडमा हुनेछ।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं फोन नं. ४३८५६३३
श्रम इजाजत नं. ८०६/०६५/६६
शाखा कार्यालय विर्तामोड, शनिश्चरे रोड, आइएमई बैंकभित्रपट्टिको तेस्रो घर
फोन नं. ०२३-५४१०६०, ५४५३८८, ५४०९१७, मो. ९८०१०३३९७७, ९८०१०२३८१३, ९८०१०३३९७०, ९८१३४१६५१२
इटहरी सम्पर्क: ०२५-५८७६४५, ९८०२०२३८१३, ९८०२०२३८१२, ९८०१०२३८१२